ऐरावती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय


बरौला, प्यूठान

५ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र



२०७४ असार



# दुई शब्द

यस गाउँपालिकाको केन्द्र साविक बरौला गा.वि.स.को कार्यालय, साविकका गा.वि.स.हरू दाङवाङ, बरौला, पकला, विजुली, धुवाङ (१, ६, ९) र रस्पुरकोट (१-५) गा.वि.स. समावेश गरी ६ मिति २०७३/११/२२ मा गाउँपालिका गठन गरिएपछि पहिलो प्रकाशित दस्तावेजको रूपमा आउन लागेका पार्श्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।


राज्यको पुनर्संरचनाका सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँको विकासका वर्तमान अवस्थालई चित्रित गरेको छ। यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत साधनको अधिकतम सदुपयोग गरी गाउँपालिका विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु। यस अध्ययन प्रतिवेदनले प्राय: सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्ने प्रयास गरेको भएतापनि सीमित समय र स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण नहुन सक्छ । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गरेका छौं ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने गाउँ कार्यपालिकाका सम्पूर्ण टिम, कार्यकारी अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु। साथै अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई हार्दिक धन्यबाद दिन चाहन्छु।

अन्तमा समग्र गाउँपालिकाको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई दिशा निर्देश प्राप्त होस भन्ने सुभेच्छा प्रकट गर्दछु।

नविल विक्रम शाह
अध्यक्ष

# मेरो दुई शब्द



दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँको समग्र तथ्याङक आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिकाको विभिन्न विषय समावेश गरिएको स्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भइ उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङक समावेश गरी गाउँ पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँवासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्न मैले आशा लिएको छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएका छन् ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, गाउँ कार्यपालिकाका कर्मचारीहरू, कार्यकारी अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रसोधन गरी पार्श्वचित्रलाई यो रूप दिने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई विशेष धन्यबाद दिन चाहन्छु ।

बुद्ध बहादुर बस्नेत

उपाध्यक्ष

# मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्ने योजनाका सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरूको पूर्ण सन्तुष्टि सहितका उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङकन र दिगोपनाका लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ। विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन।

आवश्यकताअनुसार  योजना तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन । यसैकारण वर्तमानका हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाका पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो। पार्श्वचित्रलाई सामान्य रूपमा अध्ययन गर्ने जो कोहीले पनि यस गाउँपालिकाको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ। यो पार्श्वचित्रलाई एकातिर गाउँको सम्पूर्ण चिनारीका रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ।

पार्श्वचित्र तयारीको क्रममा आफ्ना महत्वपूर्ण समय प्रदान गर्ने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रूप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई हार्दिक आभार व्यक्त गर्दछु।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस भन्ने सुभेच्छा व्यक्त गर्दछु।

अर्जुन सेन ओली

कार्यकारी अधिकृत

# विषयसूची

**खण्ड १ : भूमिका** ..... १

१.१ पृष्ठभूमि ..... १

१.२ अध्ययनको उद्देश्य ..... १

१.३ अध्ययनको महत्व ..... २

१.४ अध्ययनको औचित्य ..... २

१.५ अध्ययन विधि ..... ३

१.६ अध्ययनका सीमाहरू ..... ३

**खण्ड २ : ऐरावती गाउँपालिकाको परिचय** ..... ४

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ..... ४

२.२ भौगोलिक अवस्थिति ..... ८

२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र ..... ९

२.४ भूक्षेत्र (टोपोग्राफी) ..... ९

२.४.१ माटोका बनावट र उर्वराशक्ति ..... ९

२.४.२ भू-आकृति तथा माटोका बनोट ..... ९

(क) पहाडी भाग (९१५ भन्दा माथि) ..... ९

(ख) बेशी (३०५-९१५) ..... १०

२.४.३ हावापानी ..... १०

२.५ भू-क्षेत्रको बर्गीकरण ..... ११

२.६ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर ..... १४

२.७ गाउँपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू ..... १६

२.८ गाउँपालिकाको अन्य गाउँपालिका/नगरपालिकासंग सम्बन्ध ..... १६

२.९ गाउँपालिका विकासमा देखिएका समस्या तथा चुनौतीहरू ..... १७

२.१० नदी/खोला तथा ताल तलैयाहरू ..... १८

२.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू ..... १९

(क) ऐरावती ..... २०

२.१२ मुख्य चाडपर्वहरू ..... २२

२.१३ संस्कृति, कला, भाषा र साहित्य ..... २२

२.१४ भेषभूषा ..... २३

**खण्ड ३ : जनसाङ्ख्यिक विवरण ..... २५**

३.१ जनसंख्याको विवरण ..... २५
३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ..... २७
३.३ घरमूलीको लैङ्गिक विवरण ..... २९
३.४ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ..... ३०
३.५ उमेर समूहअनुसारपहिलो विवाह गर्दाको उमेरको विवरण ..... ३२
३.६ उमेर समूहअनुसार जनसख्याको विवरण ..... ३३
३.७ जातजाति समूहअनुसार जनसंख्याको विवरण ..... ३५
३.८ मातृभाषाअनुसार जनसंख्याको विवरण ..... ३६
(क) आदिवासी ..... ३७
(ख) उत्पीडित समुदाय ..... ३७
३.९ धर्मअनुसार जनसंख्याको विवरण ..... ३८
३.१० परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ..... ३९
३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ..... ४०
३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ..... ४१
३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ..... ४२
३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ..... ४४
३.१५ छानाको आधारमा घरको बनोटको विवरण ..... ४५
३.१६ जगको आधारमा घरको बनोटको विवरण ..... ४६
(क) भवन निर्माणका किसिमहरू ..... ४७
(ख) भवन संवेदनशीलता ..... ४७
(ग) गाउँपालिकाको भवनहरूको विवरण ..... ४७
३.१७ बसाई सराईको अवस्था ..... ४८
३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ..... ४८

**खण्ड ४ : भू-उपयोग ..... ५१**

४.१ गाउँपालिकाको भू-उपयोगको विवरण ..... ५२
४.१.१ सार्वजानिक जग्गाको विवरण ..... ५३
४.२ बस्तीहरूको वर्तमान स्वरूप ..... ५३
४.३ बस्ती विकासमा देखिएका चुनौतीहरू ..... ५४
४.४ भू-क्षय सम्भावित क्षेत्र ..... ५६
४.५ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ..... ५६

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति ........ ५८**

**५.१ गाउँपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरूप ........ ५८**

**५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ........ ५८**

**५.३ आश्रित जनसंख्याको विवरण ........ ५९**

**५.४ कृषि ........ ५९**

(क) हिउँदे बाली ........ ६०

(ख) वर्षे बाली ........ ६०

५.४.१ कृषक समूहको विवरण ........ ६०

५.४.२ कृषि बालीमा लाग्ने रोग ........ ६१

५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण ........ ६१

५.४.४ बाली पात्रो ........ ६२

५.४.५ कृषि बजारीकरण ........ ६२

५.४.६ कृषि पकेट क्षेत्रको बिबरण ........ ६३

५.४.७ जग्गाको उर्वराशक्ति ........ ६४

५.४.८ एग्रोभेटसम्बन्धी विवरण ........ ६४

(क) मलखाद बिक्रेताहरूको विवरण ........ ६४

५.४.९ कृषि सहकारी संस्थाहरूको विवरण ........ ६४

५.४.१० ऐरावती गाउँपालिकामा संचालित कृषिजन्य उद्योगहरूको विवरण ........ ६५

**५.५ सिंचाइ ........ ६५**

**५.६ पशुपालन ........ ६६**

५.६.१ पशु नश्ल ........ ६६

५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरू ........ ६७

५.६.३ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरू ........ ६८

**५.७ पर्यटन ........ ६९**

**५.८ व्यापार तथा उद्योगको विवरण ........ ६९**

५.८.१ व्यपारिक क्षेत्रको विवरण ........ ७०

**५.९ थोक तथा खुद्रा व्यापार ........ ७०**

५.९.१ निकासी पैठारी स्थिति ........ ७०

५.९.२ ढुवानी तथा भण्डार व्यवस्था ........ ७०

५.९.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा ........ ७१

५.९.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ........ ७१

(क) कृषि जन्य पदार्थ ........ ७१
(ख) बनजन्य ........ ७१
५.९.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण ........ ७१
**५.१० अन्य आर्थिक विकासका सम्भावनाहरू ........ ७२**
**५.११ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ........ ७३**
**५.१२ बैंकको विवरण ........ ७३**
**५.१३ सहकारी संस्थाको विवरण ........ ७३**
**५.१४ संघ संस्था तथा विभिन्न समुहहरू ........ ७४**
**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ........ ७६**
**६.१ यातायात ........ ७६**
(क) बिद्यमान सडक सञ्जाल ........ ७७
(ख) यातायात सेवा ........ ७७
**६.२ संचार ........ ७८**
६.२.१ टेलिफोन/मोबाइल ........ ७८
६.२.२ हुलाक सेवा ........ ७८
**६.३ विद्युत ........ ७९**
६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ........ ७९
६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ........ ८०
**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ........ ८२**
**७.१ शिक्षा ........ ८२**
**७.२ साक्षरता स्थिति ........ ८२**
७.२.१ शैक्षिक जनशक्तिको विवरण ........ ८३
७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण ........ ८४
७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ........ ८५
७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ........ ८५
(क) शैक्षिक पूर्वाधार तथा सेवा ........ ८५
७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ........ ८८
**७.३ स्वास्थ्य ........ ८९**
७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) ........ ९०
७.३.२ सुँडेनी (TBA) ........ **भ्चचयचझ ञययफबचप लयत मभाष्लभमा**
७.३.३ गाउँघर क्लिनीक र नियमित खोप ........ ९०

७.३.४ एच. आई. भी./एडसको अवस्था ........ ९१
७.३.५ परिवार नियोजन ........ ९१
७.३.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण ........ ९१
७.३.७ खोपको विवरण ........ ९२
७.३.८ बाल्यकालमा हुने रोगका जोखिम ........ ९३
७.३.९ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर ........ ९३
७.३.१० बालपोषण सम्वन्धी विवरण ........ ९३

**७.४ खेलकुद तथा खुला/पार्क क्षेत्र ........ ९४**

**७.५ नागरिक सुरक्षा सेवा ........ ९५**

७.५.१ बृद्धबृद्धाहरूको अवस्था ........ ९५

**७.६ महिला तथा बालबालिका ........ ९६**

७.६.१ महिलासम्बन्धी विवरण ........ ९६
७.६.२ बालश्रमको अवस्था ........ ९६
७.६.३ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका ........ ९७
७.६.४ बालसंरक्षण तथा संबर्द्धन समिति ........ ९७
७.६.५ बालक्लब ........ ९७

**७.७ अपा·ताको विवरण ........ ९८**

**७.८ सामाजिक सुरक्षा भत्ता ........ ९९**

**७.९ खानेपानी तथा सरसफाई ........ १००**

७.९.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण ........ १००
७.९.२ खानेपानीको विवरण ........ १०१
७.९.३ शौचालयको विवरण ........ १०१
७.९.४ वडागत शौचालयको संख्याको विवरण ........ १०२

**७.१० फोहोर मैला व्यवस्थापन ........ १०३**

**खण्ड ८ : वन तथा वातावरण ........ १०४**

**८.१ प्राकृतिक वन तथा वनस्पती ........ १०४**

**८.२ जैविक विविधता सम्वन्धी विवरण ........ १०४**

**८.३ लघु वन पैदावार ........ १०६**

**८.४ गाउँपालिकामा पाईने वन्यजन्तु ........ १०६**

(क) वन्यजन्तु ........ १०६
(ख) चराचुरुङ्गी ........ १०६

(ग) घिस्रने जिवजन्तुहरू ....................................................................................... १०६
(घ) जलचर तथा उभयचर जीवहरू ....................................................................... १०७
(ङ) कीरा फट्याङ्ग्राहरू ........................................................................................ १०७
(च) फूलका प्रजातिहरू ........................................................................................ १०७
**८.५ वनजंगल ................................................................................................................. १०७**
८.५.१ सामुदायिक वन ............................................................................................ १०७
८.५.२ कवुलियती वन समूहको विवरण ................................................................ १०९
८.५.३ सरकारद्वारा व्यवस्थित वन ....................................................................... १०९
**८.६ निजी आवादीमा रहेका रुख विरुवाहरूको अवस्था ............................................................. ११०**
**८.७ वनपैदावरको माग र आपूर्ति ............................................................................................ ११०**
**८.८ जडिबुटीसम्बन्धी विवरण .................................................................................................. ११०**
**८.९ वन पैदावरमा आधारित उद्योगहरूको विवरण ........................................................................ १११**
**८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम ................................................................................. ११२**
**खण्ड ९ : विकास सूचाङ्क र गरिवीको स्थिति ................................................................ ११३**
**९.१ मानव विकास सूचकको विवरण (HDI) .............................................................................. ११३**
**९.२ मानव गरिवी सूचाङ्क (Human Poverty Index) ................................................................ ११३**
**९.३ मानव विकास र गरिवी .................................................................................................... ११४**
**९.४ गरिवी न्यूनीकरण ........................................................................................................... ११४**
**९.५ समग्र विकास स्थिति ....................................................................................................... ११५**

# तालिका सूची


तालिका नं १: ऐरावती गाउँपालिकाको बनावट ५

तालिका नं २: ऐरावती गाउँपालिकाको वार्षिक औषत तापक्रम १०

तालिका नं ३: गाउँपालिकामा भएका जलधारहरूको विवरण १९

तालिका नं ४: ऐरावती गाउँपालिकामा रहेको मठ, मन्दिर तथा गुम्बाको विवरण २०

तालिका नं ५: सांस्कृतिक महत्वका सम्पदाहरू भ्चचयचज्ञ द्ययययफबचप लयत मभाष्लभम।

तालिका नं ६: जनसंख्याको विवरण २६

तालिका नं ७: वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २९

तालिका नं ८: घरमूलीको लैङ्गिक विवरण २९

तालिका नं ९: उमेर समुहअनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण ३१

तालिका नं १०: पहिलो विवाह गर्दाको उमेरको विवरण ३२

तालिका नं ११: उमेर समूहअनुसार जनसंख्याको विवरण ३४

तालिका नं १२: ऐरावती गाउँपालिकाको जनसंख्या र जातको विवरण ३५

तालिका नं १३: मातृभाषाअनुसार जनसंख्याको विवरण ३६

तालिका नं १४: धर्मअनुसार जनसंख्याको विवरण ३८

तालिका नं १५: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ३९

तालिका नं १६: महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ४०

तालिका नं १७: महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण ४१

तालिका नं १८: अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४२

तालिका नं १९: बाहिरी गारोका आधारमा घरको बनोटको विवरण ४४

तालिका नं २०: छानाको आधारमा घरको बनोटको विवरण ४५

तालिका नं २१: जगको आधारमा घरको बनोटको विवरण ४६

तालिका नं २२: गाउँपालिकाको भवनहरूको विवरण ४७

तालिका नं २३: व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण ४९

तालिका नं २४: भू-उपयोग  विश्लेषण २०७४ ५२

तालिका नं २५: सार्वजनिक जग्गाको विवरण ५३

तालिका नं २७: गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५६

तालिका नं २८: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५८

तालिका नं २९: आश्रित जनसंख्याको विवरण ५९

तालिका नं ३१: कृषक समूहको विवरण ६०

तालिका नं ३२: विभिन्न बालीमा लाग्ने रोग विवरण ६१

तालिका नं ३३: कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण ६१

तालिका नं ३४: बाली पात्रो ६२
तालिका नं ३५: सेवाकेन्द्र/ सम्पर्कस्थलको कार्यक्षेत्र अन्तरगत कार्यरत गैरसरकारी संस्थाहरूको विवरण ६३
तालिका नं ३६: कृषि पकेट क्षेत्रको विवरण ६३
तालिका नं ३८: एग्रोभेटसम्बन्धी विवरण ६४
तालिका नं ३९: मलखाद बिक्रेताहरूको विवरण ६४
तालिका नं ४०: कृषि सहकारी संस्थाहरूको विवरण टद्ध
तालिका नं ४१: ऐरावती गाउँपालिकामा संचालित कृषिजन्य उद्योगहरूको विवरण ६५
तालिका नं ४२: गाउँपालिकामा हाल उपलब्ध मुख्य सिँचाइको विस्तृत विवरण ६५
तालिका नं ४३: साना सिंचाई निर्माण तथा मर्मत संम्भार आ.व. २०७१/७२ प्रगती विवरण ६६
तालिका नं ४४: गाउँपालिकामा पशु सेवासम्बन्धी सेवा पुऱ्याउने पशु सेवा विभाग अन्तर्गतका अन्य सरकारी कार्यालयहरू ६६
तालिका नं ४६: पशुपंक्षी पालनतर्फ सहकार्य गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरू ६८
तालिका नं ४७: पर्यटन स्थलको विवरण ६९
तालिका नं ४९: व्यापारिक क्षेत्रको विवरण ७०
तालिका नं ५०: सहकारी संस्थाको नामावली ७४
तालिका नं ५१: सहकारी संस्थाको विवरण ७४
तालिका नं ५२: संघ संस्था को विवरण ७५
तालिका नं ५४: गाउँपालिका स्थित ग्रामीण तथा कृषि सडकहरूको विवरण ७७
तालिका नं ५५: गाउँपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय ७८
तालिका नं ५८: गाउँपालिकामा हुलाक सेवाको स्थिति ७९
तालिका नं ५९: हाल सञ्चालित टेलिसेन्टरसम्बन्धी विवरण ७९
तालिका नं ६०: बत्ती बाल्न प्रयोग गरिने श्रोत ७९
तालिका नं ६१: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ८०
तालिका नं ६२: साक्षरता दर ८३
तालिका नं ६३: शैक्षिक जनशक्तिको विवरण ८३
तालिका नं ६४: विषयगत शैक्षिक जनशक्तिको विवरण ८४
तालिका नं ६५: उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ८५
तालिका नं ६६: गाउँपालिकामा सञ्चालनमा भई आएका शिक्षण संस्थाहरूको विस्तृत विवरण ८६
तालिका नं ६७: गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ८७
तालिका नं ६८: ऐरावती गाउँपालिकामा शिक्षण पेशामा संलग्न स्थायी तथा अस्थायी शिक्षक/शिक्षिकाको विवरण ८८
तालिका नं ६९: गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूको स्थिति ८९
तालिका नं ७०: परिवार नियोजनको अस्थायी विधि ९१
तालिका नं ७१: सुरक्षित मातृत्वको अवस्थाको विवरण ९२
तालिका नं ७२: खोपको विवरण ९३
तालिका नं ७३: बालपोषणसम्बन्धी विवरण ९४
तालिका नं ७४: खेलकुद तथा खुला पार्क क्षेत्रको विवरण ९५

तालिका नं ७५: अपाङ्गताको विवरण ९८
तालिका नं ७६: सामाजिक सुरक्षा भत्ता पाएका व्यक्तिहरूको विवरण ९९
तालिका नं ७७: परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत १००
तालिका नं ७८: खानेपानीको विवरण १०१
तालिका नं ७९: शौचालयको प्रकार १०१
तालिका नं ८०: वडागत शौचालय संख्याको विवरण १०२
तालिका नं ८१: सामुदायिक वन व्यवस्थापनको विवरण १०९
तालिका नं ८२: कबुलियती वन समूहको विवरण १०९
तालिका नं ८३: प्यूठानमा उपलब्ध गैरकाष्ठ वन पैदावारहरूको सूची १११
तालिका नं ८४: उद्योगहरूको विवरण १११
तालिका नं ८५: मानव विकास सूचकको विवरण (HDI) ११३
तालिका नं ८६: गरिबीको दरको विवरण ११४
तालिका नं ८७: गाउँपालिकाको गरिबी दर ११४

# नक्सा सूची


| | | |
|---|---|---|
| नक्सा १: | ऐरावती गाउँपालिकाको समग्र वस्तुगत विभाजन | ४ |
| नक्सा २: | ऐरावती गाउँपालिकाको साविकका वडा विभाजन | ६ |
| नक्सा ३: | ऐरावती गाउँपालिकाको वडागत विभाजन | ७ |
| नक्सा ४: | ऐरावती गाउँपालिकाको उचाई विभाजन | ८ |
| नक्सा ५: | ऐरावती गाउँपालिकाको भिरालोपना | १२ |
| नक्सा ६: | ऐरावती गाउँपालिकामा रहेका नदी सञ्जाल | १८ |
| नक्सा ७: | ऐरावती धार्मिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरू | २१ |
| नक्सा ८: | ऐरावती गाउँपालिकाको जनसंख्या | २५ |
| नक्सा ९: | ऐरावती गाउँपालिकाको वडागत क्षेत्रफल विभाजन | २७ |
| नक्सा १०: | ऐरावती गाउँपालिकाको वडागत जनसंख्या विभाजन | २८ |
| नक्सा ११: | ऐरावती गाउँपालिकाको वडागत लैङ्गिगत विभाजन | ३३ |
| नक्सा १२: | ऐरावती गाउँपालिकाको घरधुरी | ४३ |
| नक्सा १३: | ऐरावती गाउँपालिकामा बसोवासको अवस्था | ५० |
| नक्सा १४: | ऐरावती गाउँपालिकाको भू-उपयोग | ५१ |
| नक्सा १५: | ऐरावती गाउँपालिकामा रहेको सडक सञ्जाल | ७६ |

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ। वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्क अपरिहार्य हुन्छ। त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न, सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्दछ। स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो गाउँपालिका पार्श्वचित्र तयार गरिएको छ। गाउँपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। चौधौं त्रीवर्षीय योजना (२०७३/७४-२०७५/७६) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी पार्श्वचित्र (Profile) तयार गरिएको हो।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरू निम्नानुसार छन्।

क) गाउँपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने।

ख) गाउँपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने।

ग) गाउँपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औंल्याउने।

घ) गाउँपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्नु।

छ) गाउँपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई ब्यवस्थापनमा सहयोग गर्नु।

ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने।

झ) गाउँपालिकास्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने।

ञ) गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन बमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट प्रस्तुत गर्दछ। विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले ऐरावती गाउँपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ। यसका अलावा गाउँपालिका पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरूलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय तह अन्तर्गत गाउँपालिकाहरूलाई दिँदै आएको अनुदानहरूमा क्रमश बृद्धि गर्दै लगेको देखिन्छ। विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरूको न्यूनतम शर्त मापनका सूचकहरू पनि निर्धारण गरेको छ। ती सूचकहरू मध्ये हरेक गाउँपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Rural Municipality Profile तयार गर्नु एक हो। भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ। यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यन्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ।

## १.५ अध्ययन विधि

यस गाउँपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधीहरू निम्नानुसार छन् –


- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्यांकहरू समावेश गरी विश्लेषण गरिएको छ ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरू समावेश गरिएको छ ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा विभिन्न तालिकाहरू, चित्र तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रूपमा विश्लेषण गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरू

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरे बमोजिम गाउँपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाईएको छ। गाउँपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरू, सम्बन्धित गाउँपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणाअनुसार यसले ऐरावती गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रूपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाधेको छ। यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकताअनुसार तथ्याङ्क संकलन गरिएको छ ।

# खण्ड २ : ऐरावती गाउँपालिकाको परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय





नक्सा १: ऐरावती गाउँपालिकाको समग्र वस्तुगत विभाजन

ऐरावती गाउँपालिका ५ नं. प्रदेश अन्तर्गत प्यूठान जिल्लाका साबिकका गा.वि.स.हरू दाङवाङ, बरौला, पकला, बिजुली, धुवाङ (१-६,९) र रस्पुरकोट (१-५) गा.वि.स. मिलेर बनेको हो। नेपालको मानचित्रमा ऐरावती गाउँपालिकाको भौगोलिक अवस्थिति २७°५४'३०" देखि २८°०३' उत्तरी आक्षांससम्म र ८२°४८'३०" देखि ८३° ००'३०" पूर्वी देशान्तरसम्म फैलिएको छ। १५६.७५ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा अर्घाखाँची जिल्ला, पश्चिममा सरुमारानी र माण्डवी गाउँपालिका उत्तरमा मल्लारानी र माण्डवी गाउँपालिका र दक्षिणमा सरुमारानी गाउँपालिका र अर्घाखाँची जिल्ला पर्दछन्।


तालिका नं १: ऐरावती गाउँपालिकाको बनावट

| समावेश भएका साविक गा.वि.स.हरू | साविक वडा नं. | कायम भएको वडा नं. |
|---|---|---|
| दाङवाङ | १-९ | १ |
| बरौला | १-९ | २ |
| पकला | ३-९ | ३ |
| धुवाङ | १-६,९ | ४ |
| रस्पुरकोट | १-५ | ५ |
| पकला | १,२ | ५ |
| बिजुली | १-९ | ६ |

२०६८ को जनगणनाअनुसार यस गाउँपालिकाको जनसंख्या २२,३९२ रहेको छ जसमध्ये महिलाको जनसंख्या १२,७२७ (५६.८४ प्रतिशत) र पुरुषको जनसंख्या ९,६६५ (४३.१६ प्रतिशत) रहेको छ। यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार सबैभन्दा बढी मगर जाति ७,८८३ जना (३५.२० प्रतिशत), दोस्रोमा क्षेत्री ४,७५४ (२१.२३ प्रतिशत) र तेस्रोमा ब्राम्हण पहाडी २,१५५(९.६२ प्रतिशत) को बसोबास रहेको छ। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रूपमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। यस गाउँपालिका आधारभूत देखि माध्यमिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था मात्रामा रहेका छन् भने उच्च शिक्षा विकासको लागि विशेष पहल गर्नुपर्ने देखिन्छ। अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट समेत आउने गरेका छन्। यस ऐरावती गाउँपालिकामा ६ वटा मावि, ५ वटा निमावि र ३३ वटा प्रावि (सामुदायिक र संस्थागत) गरी जम्मा ४४ वटा शिक्षण संस्थाहरू संचालित छन्।  अधिकांश घरमा विद्युतीकरण भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। विगतमा स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैं, तिहार, माघी, होली, गौरा, कृष्णजन्माष्टमी, छठपर्व, ल्होसार, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ।





नक्सा २: ऐरावती गाउँपालिकाको साविकका वडा विभाजन




नक्सा ३: ऐरावती गाउँपालिकाको वडागत विभाजन

## २.२ भौगोलिक अवस्थिति




नक्सा ४: ऐरावती गाउँपालिकाको उचाई विभाजन

नेपालको मानचित्रमा ऐरावती गाउँपालिकाको भौगोलिक अवस्थिति २७°५४'३०" देखि २८°०३' उत्तरी आक्षांससम्म र ८२°४८'३०" देखि ८३° ००'३०" पूर्वी देशान्तरसम्म फैलिएको छ। प्यूठान जिल्लामा अवस्थित १५६.७५ वर्ग कि.मि. क्षेत्रफल रहेको यस ऐरावती गाउँपालिका समुद्र सतहबाट ३७८ मिटरदेखि १६८८ मिटरसम्मको उचाइमा अवस्थित छ। यस गाउँपालिकाको अधिकांश क्षेत्र वनजंगलले ओगटेको भएतापनि पछिल्ला वर्षहरूमा वन अतिक्रमणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ। जंगल तथा जलाधार क्षेत्रको कमी नभएको यस गाउँपालिका भएर सानाठूला गरी आधा दर्जन भन्दा बढी खोला तथा नदीहरू बग्ने गर्दछन्।

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णयअनुसार माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा साबिकका गा.वि.स.हरू दाङवाङ, बरौला, पकला, विजुली, धुवाङ (१-६,९) र रस्पुरकोट(१-५) गाभेर जम्मा ६ वडाहरू कायम गरि ऐरावती गाउँपालिका स्थापना गरिएको हो।

## २.४ भूक्षेत्र (टोपोग्राफी)

### २.४.१ माटोका बनावट र उर्वराशक्ति

ऐरावती गाउँपालिकाको कुल क्षेत्रफल १५६.७५ वर्ग कि.मी. मा ६२.८१ प्रतिशत जमिन वनजंगलले ओगटेको छ भने २८.२७ प्रतिशत खेतीपातीको लागि उपयुक्त देखिन्छ। प्राकृतिक सम्पदाका हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो हुनुको साथै जलाधार भएको गाउँपालिका हो। गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, कोदो, मास, रहर, फापर, आदि हुन्।

### २.४.२ भू-आकृति तथा माटोका बनोट

ऐरावती गाउँपालिका हालको नयाँ संरचना अनुसार प्रदेश नं. ५ अन्तर्गत रहेको पहाडी जिल्ला प्यूठानमा पर्दछ। गाउँपालिका समुद्र सतहबाट ३७८ मिटरदेखि १६८८ मिटरसम्मको उचाइमा रहेको छ। यो गाउँपालिकाको भू-आकृति तथा माटोको बनोट मुख्यतया तीन भागमा विभाजन भएको देखिन्छ जुन निम्नअनुसार छन् :

#### (क) पहाडी भाग (९१५ भन्दा माथि)

९१५ मिटर उचाई देखि १६८८ मिटरसम्मको भाग पर्ने स्थान पहाडी भागमा पर्दछ। स्वस्थ्यकर हावापानी समेत भएका यस भेगमा पाखो बारीमा समेत राम्रो खेती हुन्छ। घनावस्ती भएको यस भागमा मकै, गहुँ, धान, कोदो, आलु उत्पादन गरिन्छ। यस भेगका जंगलमा कटुस, चांप, ओखर, चिउरी, पिपल टिमुर, चिलाउने, साल आदिका रुख पाईन्छन। यस क्षेत्रमा सबै किसिमका जातजातिका वसोवास पाईन्छ।

**(ख) बेशी (३०५-९१५)**

तराई तथा भित्री मधेशकोसमेत हावापानी पाउने यस भेगमा समथर खेतबारी रहेकोले राम्रो खेती हुन्छ। घनाबस्ती समेत रहेको यस क्षेत्रमा व्यापारिक कृयाकलाप फस्टाउनुको साथै साना घरेले उद्योगहरू समेत रहेको छन्। साल, साझ, शिरिस, वैदार, बाँस, निगालो, चिउरी आदिका रुखहरू पाइन्छन्। मकै, धान, गहुँ, तोरीको खेती गरिन्छ। सामान्यतया ९१५ मिटर भन्दा होचो धर्मावती (झिम्रुक), माण्डवी र यिनका सहायक नदीका आसपासका समतल भुभागहरू यस अन्तर्गत पर्दछन्। यस क्षेत्रमा गर्मीमा बढी गर्मी र हिउँदमा न्यानो हावापानी कायम हुन्छ।

## २.४.३ हावापानी

ऐरावती गाउँपालिकामा विविध किसिमको हावापानी पाईन्छ। धरातलीय स्वरूपअनुसार यस गाउँपालिकाको हावापानीलाई मुख्य गरी २ क्षेत्रमा वाड्न सकिन्छ।

(१) उपोष्ण हावापानी (वेसी खोच)


(२) समशितोष्ण हवापानी

गाउँपालिकाको सालाखाला औषत अधिकतम तापक्रम ३२.४° सेल्सीयस र औषत न्यूनतम ८.0° सेल्सियस रहेको पाइन्छ। यस गाउँपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं २: प्यूठान जिल्लाको सन् १९८० देखि २०१६ सम्मको मौसमी विवरण

| महिना | औषत अधिकतम (°C) | औषत न्युनतम (°C) | वर्षा मि.मि | सापेक्षित आर्द्रता | कैफियत |
|---|---|---|---|---|---|
| बैशाख | ३२.४ | १९.३ | ८८.३ | ४६.९ | ५९.१ |
| जेष्ठ | ३१.२ | २३.१ | २४७.८ | ८७.८ | ८४.८ |
| आषाढ | ३१.२ | २३.५ | ४४८.७ | ९०.१ | ८४.३ |
| श्रावण | ३०.१ | २२.७ | ४३३.३ | ९०.८ | ८३.४ |
| भाद्र | ३२.३ | २१.० | १४८.५ | ८९.५ | ८९.४ |
| आश्विन | २४.० | १७.५ | ७२.६ | ८४.५ | ७७.६ |
| कार्तिक | २६.५ | ११.० | ०.० | ७८.४ | ७९.२ |
| मंशिर | २२.८ | ८.२ | ०.० | ८७.० | ७४.५ |
| पुष | २१.६ | ८.० | २२.३ | ८५.९ | ६६.७ |
| माघ | २२.५ | ९.४ | ३१.० | ८४.९ | ५२.६ |
| फाल्गुण | २४.८ | १२.० | ०.० | ७८.१ | ५१.९ |
| चैत्र | ३०.७ | १४.८ | ६५.९ | ७४.५ | ५१.९ |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग, काठमाडौँ २०७३*





## २.५ भू-क्षेत्रको बर्गीकरण

ऐरावती गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलनजस्ता प्रवृत्तिका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भूबनोटअनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics)का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छ:

**(क) Slope = 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)**

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ। यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।




नक्सा ५: ऐरावती गाउँपालिकाको भिरालोपना

**(ख)** **Slope = 5°-30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी.सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जवाने, जमिन भासिनेजस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरूपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरूपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउँछ। यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रूपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। अलिकति पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**(ग)** **Slope = 30° – 40° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त ।**

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जनिमनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रबृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्। यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुन: हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावर उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन।

### (घ) Slope > 40° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ। यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झै एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति ति तीब्र रहेको हुन्छ भने अर्कोतिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुन: अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।

## २.६ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, तालतलैया तथा नदीनालाहरूमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसायजस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

- ✓ यस ऐरावती गाउँपालिकाको विभिन्न क्षेत्रमा अध्ययन गर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।
- ✓ गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ति क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जीवन्त स्थानको जोहो गर्न सकिनेछ।
- ✓ गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको

पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा विभिन्न स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योगआदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

- ✓ यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।
- ✓ गाउँपालिकाका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरू भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।
- ✓ गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू रहेको यो गाउँपालिकाका गहनाको रूपमा रहेको ऐरावती मन्दिर, बरौलाकोट, बिजुलीकोट, जावुनेकोट आदि हुन्। यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रूपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकीकृतरूपले बैदेशिक रोजगारमा पठाउने व्यवस्था भएमा गाउँपालिको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुर्‍याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त ऐरावती गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- ✓ गाउँपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरूबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायिक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा बृद्धि हुन सक्छ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ।
- ✓ प्यूठान जिल्लामा अवस्थित यस गाउँपालिकाको क्षेत्रमा औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्न सक्ने प्रशस्त सम्भावना देखिन्छ।

- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ ।
- ✓ गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.७ गाउँपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू

यस ऐरावती गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरूलाई निम्न बुँदामा संक्षेपीकरण गर्न सकिन्छ ।

- ✓ ताल/पोखरी, वन, उर्बर कृषि जमिन, नदी नाला, सम्म भौगोलिक अवस्था र जैविक विविधताजस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- ✓ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- ✓ युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- ✓ राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ ।
- ✓ शिक्षा केन्द्रहरूको संचालनमा व्यवस्था
- ✓ पर्यटन क्षेत्रको विकासका लागि ठोस योजना नहुनु
- ✓ विकास निर्माणको काममा जनसहभागिताको कमि हुन
- ✓ गाउँपालिकाको क्षेत्र भित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- ✓ गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- ✓ गाउँपालिका क्षेत्र भित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु ।
- ✓ कृषियोग्य भएतापनि आधुनिक तथा व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ✓ आयश्रोतको कमीले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ✓ आकासे पानीमा निर्भर सिँचाइ
- ✓ पराम्परागत कृषि प्रणाली
- ✓ वर्षेनी ढुवान तथा कटानको समस्या कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।

## २.८ गाउँपालिकाको अन्य गाउँपालिका/नगरपालिकासंग सम्बन्ध

कुनै पनि नगरपालिका तथा गाउँपालिकाको अर्को नगरपालिका अथवा गाउँपालिकासँग कुनै न कुनै रूपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरपालिकाहरू तथा गाउँपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को गाउँपालिका तथा नगरपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती

अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस गाउँपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य गाउँपालिकाबाट आउने गरेको देखिन्छ। अन्य पहाडी/तराई क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू यस गाउँपालिकामा भित्रिने गर्दछन् र यहाँको विभिन्न घरेलु उद्योगबाट उत्पादित वस्तु तथा विभिन्न सेवाहरू अन्य गाउँपालिका/नगरपालिकासम्म निर्यात गर्ने गरेको पाइन्छ जसले गर्दा यहाँका स्थानीय बासिन्दाको आयस्तरमा बृद्धि हुन पुगेको छ। यी विविध कारणले अन्तर नगरपालिका/गाउँपालिकासम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।


ऐरावती गाउँपालिकाको छिमेकी नगरपालिका, गाउँपालिका तथा जिल्ला समन्वय समितिजस्ता सरकारी निकायहरूसँग राम्रो सम्बन्ध रहेको छ। फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ। त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ।

## २.९ गाउँपालिका विकासमा देखिएका समस्या तथा चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा वर्गीकरण (Zoning) को आधारबाट आवास क्षेत्र, कृषि क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रूपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। शहरी बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकूल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु जरुरी रहेको देखिन्छ।
- ✓ बैज्ञानिक बसोबास योजनाको आधार तयार गरी व्यवस्थित विकासमा जोड दिनु आवश्यक देखिन्छ। बस्तीहरूको विकासको लागि गुरुयोजना बनाई आवासिय क्षेत्र, व्यवसायिक क्षेत्रहरू, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेलमैदानजस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र निर्धारण गर्न जरुरी देखिएको छ।

## २.१० नदी/खोला तथा ताल तलैयाहरू




नक्सा ६: ऐरावती गाउँपालिकामा रहेका नदी सञ्जाल

गाउँपालिकाको विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदीनाला र कही पोखरीहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदी नाला तथा पोखरीहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरूमा भूक्षय भई पुरिने क्रम जारी छ । यस्ता प्राकृतिक नदी नाला तथा तालतलैयाहरूको पुनरुद्धार गरी पर्यटकीय स्थल साथसाथै माछा पालन गरेमा गाउँपालिकाका जनताका लागि आवश्यक माछाको आपूर्ति हुने मात्र नभई कतिपय तालहरूमा पर्यटकीय आकर्षणको रूपमा जल विहार र नौकायन समेत गर्न सकिने देखिन्छ।

तालिका नं ३: गाउँपालिकामा भएका जलधारहरूको विवरण

| सि.नं. | जालाधारको नाम | क्षेत्रफल कि.मी. | समेटिएको साविकका गा.वि.स. | प्राथमिकता क्रम |
|---|---|---|---|---|
| १ | तल्लो भिम्रुक २ | ८०.३९ | बरौला १, २, ५, ६, ७, ८, ९ विजुली १, २, ३, ४, ५, ६ धुवाङ १, २, ३, ४, ५, ६, ९ पकला १, २, ३, ४, ५, ६, ८, ९ रस्पुरकोट १, २, ३, ४, ५, ६ | १४ |
| २ | छाप खोला | ५०.०४ | विजुली १, २, ३, ४, ६, ७, ८, ९ | ८ |
| ३ | माडी खोला ५ | ४०.१ | धुवाङ ९ | १६ |
| ४ | मडी ५ र तल्लो माडी | ८८.६९ | बरौला ३, ४, ५, ६ धुवाङ ५,६,९ दाङवाङ ३, ५पकला ४, ५, ६, ७, ८ | १८ |
| ५ | तल्लो भिमरुक खोला ३ | ३७.४१ | बरौला १, ६ धुवाङ १, २, ३, ४, ५, ६, ९ | २० |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## २.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषी, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा सुपरिचित छ। विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रूपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ।

भालुवाङ प्यूठान सडकमा पर्ने बड्डाडा बजारदेखि करिब ४.५ घण्टाको पैदल यात्रा पार गरि माण्डवी नदी माथि बनेको झोलुंगे पुल तरिसकेपछि पूर्व तर्फ करिब २० मि. को पैदल दुरीमा पूर्वमा अर्घाखाँचीको जलुके गा.वि.स., पश्चिममा प्यूठानको हंशपुर गा.वि.स. उत्तरमा दाङवाङ गा.वि.स. र दक्षिणमा हंसपुर गा.वि.स. पर्दछ। गौमुखिबाट बहदै आउने झिमरुक नदी र रोल्पाको जलजला उद्गम स्थल भई पश्चिम उत्तरबाट बहदै आउने माण्डवी नदीको संगमको स्थल नै हो ऐरावती। दुवै नदीको दोभानमा भएको यस स्थलमा हरेक वर्ष मकर स्नानका लागि तीर्थ यात्रीहरू आउने गर्दछन्। माघे सक्रान्तिमा यहाँ ठूलो मेला लाग्दछ। प्यूठान, दाङ, कपिलवस्तु, अर्घाखाँची लगायत मित्रराष्ट्र भारताबाट पनि श्रद्धालुहरू मकर स्नान गरि पुण्य कमाउँन यहाँ आउने गर्दछन्। गाउँपालिकामा भएका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरूको विवरण तालिकामा झल्काइएको छ।

तालिका नं ४: ऐरावती गाउँपालिकामा रहेको मठ, मन्दिर तथा गुम्बाको विवरण


| प्रमुख स्थलहरू | भ्रमण उद्देश्य | स्थान |
|---|---|---|
| ऐरावती | धार्मिक | हँसपुर र धनवांग |
| बरौलाकोट | धार्मिक | बरौंला |
| बिजुलीकोट | धार्मिक | बिजुली |
| जावुनेकोट | धार्मिक एवं सांस्कृतिक | पकला |
| चुत्रेनी लेकं ठूली लेक | प्राकृतिक सुन्दरता | पकला |
| बिजुलीकोट,पालुकाथान, नारायणथान | धार्मिक एवं सांस्कृतिक | बिजुली |
| भुतादुल्ला गुफा | प्राकृति(गुफा) | बिजुली |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## (क) ऐरावती



ऐरावती प्यूठानको जिल्लाको एक यस्तो महत्वपूर्ण स्थल हो, जहाँ प्यूठानको वरदान झिमरुक नदी र रोल्पाको जलजलाबाट उत्पत्ति भएको माण्डवी नदीको संगम हुन्छ। देशमा विभिन्न स्थानहरूबाट मकर संक्रान्तिको अवसरमा श्रद्धालु भक्तजनहरू यहाँ आउने गर्दछन् र यहाँको पानीमा स्नान गरेर आफ्नो आत्मालाई शुद्ध बनाउने कार्य गर्दछन्। प्रारम्भमा यस स्थानको नामाकरण ऐरावती गरियो, किनकि त्यहाँ हात्तीको जस्तो आकारमा एक विशाल ढुङ्गा रहेको छ। तर पछिल्लो समयमा यसलाई राप्तीको नामाकारण गरियो। यहाँबाट बग्ने नदी राप्ती नदीको नाममा प्रचलित भयो। यो स्थल प्यूठानको एक व्यापारिक नाका बडडाँडाबाट सरदर पाँच घण्टाको पैदल यात्राबाट पुग्न सकिन्छ। धार्मिक किवदन्तीकाअनुसार स्वस्थानी व्रतकथाको क्रममा स्वर्गबाट देवी यहाँ आउँछिन् भन्ने विश्वास छ। त्यसैले यहाँ आएर स्नान गर्नाले आफ्नो मनोकामना पूरा हुन्छ भन्ने जनविश्वास रहेको छ।




नक्सा ७: ऐरावती धार्मिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरू

## २.१२ मुख्य चाडपर्वहरू

यस गाउँपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरू रहेका छन् भने त्यस्तै बौद्ध र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन्। सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे संक्रान्ती, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, नयाँ वर्ष सोह्रश्राद्ध, बुद्धजयन्ती, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईन डे, होली, आइतबारी, पुसे १५, आदि चाडपर्वहरू रहेका छन्।



## २.१३ सँस्कृति, कला, भाषा र साहित्य

परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, झ्याउरे भाका र दोहोरी गीत आदि यस गाउँपालिकामा सर्वाधिक लोकप्रिय छन्। बैशाखी पूर्णिमा, असार १५ मा दही चिउरा, बैशाख संक्रान्ति, जेठानी पूर्णिमा, भदौरे औँसी, साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, बडा दशैं, सराया, तिहार, देउली, कार्त्तिक पूर्णिमा, माघे संक्रान्ति, फागु पूर्णिमा (होली), रामनवमी, ठूलो एकादशी यहाँका जनमानसले मनाउने मुख्य पर्वहरू हुन्। रजबारा मेला, खैरा, फूलबारीको मेला, गुरुङ्गको घाँटु नाच आदि नृत्य एवं पर्वहरू भव्यताका साथ मनाइन्छ। यस वाहेक, भाइटिकाको अर्को दिन तृतीयादेखि पञ्चमीसम्म डल्ले सराया (बिजुवार नजिक) उल्लासजनक रूपमा मनाइन्छ भने दाखाक्वाडीको हिक्मतेश्वर मेला पनि उत्तिकै महत्वका साथ लिइन्छ। यी

अवसर एवं पर्वहरूमा लट्ठी र तरवारको रोमाञ्चक खेल देखाइन्छ। बिजुलीकोट जात्रा, मसानपाटी (सारिवांग) को कात्तिके जात्रा र मरन्ठानाको ठूलासिम मेला पनि उत्तिकै हर्षोल्लासका साथ मनाइन्छ। खलंगामा घण्टाकर्णदेखि ऋषितर्पणी पूर्णिमासम्म लाखे नाच, गाईजात्रा, पल्टन जात्रा, गणेश जात्रा र माघे पूर्णिमामा मनाइने खरजात्रा पनि लोकप्रिय छन्। नृत्यहरूको सन्दर्भमा पुरसुंगे मारुनी नाच, मादीखोला नाच र यहाँका अन्य लोक नाचहरूको आफ्नै पहिचान र इतिहास छ। यस्ता नृत्य र पर्वहरू यहाँ आउने पर्यटकहरूका लागि आकर्षणका केन्द्रविन्दु हुन सक्छन् र स्थानीय जनतालाई पर्यटनबाट लाभान्विन गराउनका लागि पूर्ण सक्षम हुन्छन्।




## २.१४ भेषभूषा

यस गाउँपालिकामा हिन्दु धर्मावलम्वी लगाएत शैव, वैष्णव, बौद्ध र इस्लाम धर्माबलम्बीहरूको बसोबास छ। हिन्दुहरूले जन्मदा छैठी, न्वारन गर्ने, शुभसाइत हेराई विवाह गर्ने, मृत्यु पछि नदीको किनार लगी जलाउने चलन छ। सन्यासी वर्गले मृतक लाश गाडने गर्दछन्। मृत्यु पश्चात् पिण्डदान, ब्रम्ह भोजन आदि गर्ने चलन रहेको छ। पुराना अन्धविश्वास, कुरीति घट्दै गए पनि धामी, झाँक्रि झारफुक, भाकल, तन्त्रमंत्र आदि प्रचलित छन्। जातीय परम्पराअनुसार बिभिन्न जातिमा असारे गीत, तीजका महिलाका हृदयस्पर्सी भाका, भैलो, झ्याउरे ( झाम्रे) र दोहोरी गीतको प्रचलन छ। भेषभुषमा मगर गुरुङ महिलाहरूले मखमलको चोलो, साडी, ब्लाउज, सुनचाँदीका गहना-ढुंग्री, मारबाडी, बुलाकी, मुन्द्री, चुरा, पोते, आदी बस्त्र लगाउने चलन छ। बाहुन, क्षेत्री र अन्य जातिमा पनि यस्तो लवाई पाईन्छ। अन्य गहनामा हवेली, हारी, फुली, नौगेडी, सिलमुन्द्री, कण्ठश्री, चुरी, बाला र

कल्ली लगाउने प्रचलन घट्दै गएको छ। सुनका चुरा, पायल, टप, रिङ, तिलहरी, मंगलसुत्र लगाउने प्रचलन छ। महिलाले व्लाउज, चोलो, पेटीकोट, लुंगी, साडी र सल लगाउने प्रचलन छ। खानपानमा ढिंडो (कोदो, मकै, जौ, चामल), पुरी, मकै (भुटेको र पोलेको), तरकारी, दाल, सागसव्जी, चटनी, अचार, दूध, दही, घ्यू, मही, जाँड, रक्सी, आदिको प्रचलन छ। दूध, चिया र कफी पिउने चलन व्यापक छ। चुरोट, बिंडी, कक्ड (सुलफा तान्ने), खैनि आदिको अम्मल गरेको पाईन्छ। बैशाखी पूर्णीमा मनाउने, आषाढ पन्ध्रमा दहीच्यूरा खाने, बैशाख सक्रान्ति, भाद्रऔसी, साउने संक्रान्ति, नागपन्चमी, ऋषि तर्पणी पूर्णिमा बडादशै, सरायँ, तिहार, देवाली, कुलपुजा, कार्तिक पूर्णमा, माघे संक्रान्ति, फागु पूर्णीमा (होली) रामनवमी, ठूलो एकादशी आदि हिन्दू चाडपर्व प्राय सवैले मनाउछन।

# खण्ड ३ : जनसाङ्ख्यिक विवरण

## ३.१ जनसंख्याको विवरण




नक्सा ८: ऐरावती गाउँपालिकाको जनसंख्या

कुनैपनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रूपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ।


राष्ट्रिय जनगणना, २०६८ अनुसार ऐरावती गाउँपालिकाको जनसंख्या २२,३९२ रहेको छ जस मध्ये पुरुष ४३.१६ प्रतिशत (९,६६५ जना) र महिला ५६.८४ प्रतिशत (१२,७२७ जना) रहेका छन्। सोहीअनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ७५.९४ रहेको छ। यस गाउँपालिकामा जनघनत्व १४३ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ४८.४९ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४३.१५ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ८.३६ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार ऐरावती गाउँपालिकामा ४,६५० घरपरिवार रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये २.२७ प्रतिशत (५०९ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये २७७ जना पुरुष र २३२ जना महिला छन्। हाल यस गाउँपालिकामा प्रति परिवार औषत ४.८२ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

**तालिका नं ५:** जनसंख्याको विवरण


| विवरण | २०६८ |
|---|---|
| जम्मा जनसंख्या | २२,३९२ |
| पुरुष | ९,६६५ (४३.१६ प्रतिशत) |
| महिला | १२,७२७ (५६.८४ प्रतिशत) |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुष) | ७५.९४ |
| जम्मा घरधुरी | ४,६५० |
| औषत परिवार आकार | ४.८२ |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ७१.१५ |
| जनघनत्व (प्रतिवर्ग कि.मि.) | १४३ |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण




नक्सा ९: ऐरावती गाउँपालिकाको वडागत क्षेत्रफल विभाजन





नक्सा १०: ऐरावती गाउँपालिकाको वडागत जनसंख्या विभाजन

**तालिका नं ६:** वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | ३७.३ | ५.४१ | ८३८ | ४,५३४ | २०८० | २४५४ | १२२ |
| २ | २९.७२ | ४.७६ | ८८३ | ४,२०५ | १७६७ | २४३८ | १४१ |
| ३ | २६.४३ | ५.०२ | ६९२ | ३,४७२ | १५२६ | १९४६ | १३१ |
| ४ | २६.०८ | ४.९२ | ५८० | २,८५५ | १२३७ | १६१८ | १०९ |
| ५ | १६.८४ | ४.५७ | ७३४ | ३,३५१ | १३८० | १९७१ | १९९ |
| ६ | २०.३८ | ४.३१ | ९२३ | ३,९७५ | १६७५ | २३०० | १९५ |
| जम्मा | १५६.७५ | ४.८२ | ४,६५० | २२,३९२ | ९,६६५ | १२,७२७ | १४३ |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

यस ऐरावती गाउँपालिकामा जम्मा ६ वटा वडाहरूमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं १ रहेको जसमा जम्मा जनसंख्या ४,५३४ (पुरुषको २,०८० जना र महिला २,४५४ जना) रहेको छ। यस वडाको औषत परिवार आकार ५.४१ र घरधुरी संख्या ८३८ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. ४ रहेको छ जसको जनसंख्या २,८५५ (पुरुषको १,२३७ जना र महिलाको १,६१८ जना) रहेको छ भने घरधुरी संख्या ५८० र औषत परिवार संख्या ४.९२ रहेको छ। सबै भन्दा बढी जनघनत्व भएको वडा नं ५ रहेको छ जसको जनघनत्व १९९ छ। सबै भन्दा कम जनघनत्व भएको वडा, वडा नं. ४ रहेको छ। साथै गाउँपालिकाको जनघनत्व १४३ रहेको छ भने नेपालको जनघनत्व १८० रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।





## ३.३ घरमूलीको लैङ्गिक विवरण

**तालिका नं ७:** घरमूलीको लैङ्गिक विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५८० | ५५१ | ४०९ | २५३ | ३६८ | ४६८ | २,६२९ | ५६.५४ |
| महिला | २५८ | ३३२ | २८३ | ३२७ | ३६६ | ४५५ | २,०२१ | ४३.४६ |
| जम्मा | ८३८ | ८८३ | ६९२ | ५८० | ७३४ | ९२३ | ४,६५० | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

२०६८ को केन्द्रीय तथ्यांक विभागको नतिजाअनुसार जम्मा ४,६५० घरधुरी संख्या रहेको यस गाउँपालिकामा ५६.५४ प्रतिशत घरमा चाहिँ पुरुषहरू नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने ४३.४६ प्रतिशत घरमा महिलाहरू घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ । लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा धेरै अन्तर देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.४ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रूपमा तथा कम उमेरमा गरेको विवाहको रूपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको  मञ्जुरी नभए बीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानुनी व्यवस्था रहेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गैरहेको पाइन्छ। तापनि अझै केही स्थानहरूमा परम्परागत सामाजिक मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरूपयोग बढेर आफुखुसी वालविवाह गर्ने गरेको पाइएको छ ।


राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्भेक्षणअनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रूपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

**तालिका नं ८:** उमेर समुहअनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २,८५३ | २,९४१ | १३१ | ४६४ | १७१ | १६ | ८ | ६,५८४ |
| महिला | ३,१४९ | ५,३६० | ४७ | ४६० | ५७७ | १४ | २१ | ९,६२८ |
| **जम्मा** | **६,००२** | **८,३०१** | **१७८** | **९२४** | **७४८** | **३०** | **२९** | **१६,२१२** |
| **प्रतिशत** | **३७.०२** | **५१.२०** | **१.१०** | **५.७०** | **४.६१** | **०.१९** | **०.१८** | **१००.००** |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। जसमा  ८,३०१ जना (५१.२० प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने १७८ जना (१.१० प्रतिशत) रहेको छ। पुन: विवाह गर्ने ९२४ जना (५.७० प्रतिशत), विधुवा/विधुर ७४८ जना ( ४.६१ प्रतिशत), पारपाचुके भएका ३० जना (०.१९ प्रतिशत) र छुट्टिएका २९ जना (०.१८ प्रतिशत) रहेका छन्। गाउँपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा २४१९ (११ प्रतिशत) ले बढी रहेको छ। भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा ८४ (१.५० प्रतिशत) ले बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.५ उमेर समूहअनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण

तालिका नं ९: पहिलो विवाह गर्दाको उमेरको विवरण


| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १० | ११३ | १४०६ | १५३१ | ५३५ | १०१ | ३० | ४ | २ | १ | ३,७३३ |
| महिला | १२४ | ९०७ | ४२४७ | १०९२ | ११७ | २२ | ६ | २ | ० | १ | ६,५१८ |
| जम्मा | १३४ | १,०२० | ५,६५३ | २,६२३ | ६५२ | १२३ | ३६ | ६ | २ | २ | १०,२५१ |
| प्रतिशत | १.३१ | ९.९५ | ५५.१५ | २५.५९ | ६.३६ | १.२० | ०.३५ | ०.०६ | ०.०२ | ०.०२ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

१० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। ऐरावती गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ५,६५३ अर्थात् सबैभन्दा बढी (५५.१५ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या २,६२३ (२५.५९ प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या १,०२० (९.९५ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेर समूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या १३४ (१.३१ प्रतिशत) रहेको देखिन्छ। माथिको तालिकामा गाउँपालिकामा परम्परा सामाजिक मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह भएका व्यक्तिहरू पनि उल्लेख गरिएको छ जुन अहिले धेरै हदसम्म निर्मूल भइसकेकोछ तर यस्ता सामाजिक कुरितिहरू केही विकट ठाउँमा अशिक्षा र चेतनाको अभावको कारणले विद्यमान रहेकाले ती ठाउँमा यस्ता गलत परम्परा फेरि नदोहोऱ्याउन जनमानसमा शिक्षा तथा जनचेतनामूलक कार्यक्रम गर्नुपर्ने देखिन्छ ।



## ३.६ उमेर समूहअनुसार जनसंख्याको विवरण




नक्सा ११: ऐरावती गाउँपालिकाको वडागत लैङ्गिगत विभाजन


**तालिका नं १०:** उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | १४२५ | १४३३ | २,८५८ | १२.७६ | ०.९९ |
| ५-९ | १६५६ | १६६६ | ३,३२२ | १४.८४ | ०.९९ |
| १०-१४ | १६९४ | १७८८ | ३,४८२ | १५.५५ | ०.९५ |
| १५-१९ | ९५६ | १५०४ | २,४६० | १०.९९ | ०.६४ |
| २०-२४ | ४३५ | १०९९ | १,५३४ | ६.८५ | ०.४० |
| २५-२९ | ३७० | ९५४ | १,३२४ | ५.९१ | ०.३९ |
| ३०-३४ | ३४९ | ६९८ | १,०४७ | ४.६८ | ०.५० |
| ३५-३९ | ३५७ | ६५५ | १,०१२ | ४.५२ | ०.५५ |
| ४०-४४ | ३५९ | ५८१ | ९४० | ४.२० | ०.६२ |
| ४५-४९ | ४०४ | ५४२ | ९४६ | ४.२२ | ०.७५ |
| ५०-५४ | ३६७ | ४७० | ८३७ | ३.७४ | ०.७८ |
| ५५-५९ | ३६० | ३९९ | ७५९ | ३.३९ | ०.९० |
| ६०-६४ | ३१८ | ३४९ | ६६७ | २.९८ | ०.९१ |
| ६५-६९ | २२३ | २५९ | ४८२ | २.१५ | ०.८६ |
| ७०-७४ | १८४ | १५८ | ३४२ | १.५३ | १.१६ |
| ७५-७९ | १२० | ८८ | २०८ | ०.९३ | १.३६ |
| ८०-८४ | ५३ | ५१ | १०४ | ०.४६ | १.०४ |
| ८५-८९ | २४ | २३ | ४७ | ०.२१ | १.०४ |
| ९०-९४ | ७ | ९ | १६ | ०.०७ | ०.७८ |
| ९५+ | ४ | १ | ५ | ०.०२ | ४.०० |
| जम्मा | ९,६६५ | १२,७२७ | २२,३९२ | १००.०० | ०.७६ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस गाउँपालिकामा २०६८ सालको तथ्यांकअनुसार ०-१४ वर्ष उमेर समूहको संख्या ९,६६२ (४३.१५ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या ८,३१७ (३७.१४ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या १०,८५९ (४८.४९ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या १२,७२७ (५६.८४ प्रतिशत) र पुरुषको जनसंख्या ९,६६५ (४३.१६ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर १३.६७ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या १,८७१ (८.३६ प्रतिशत) रहेको छ। तथ्याङ्कले गाउँपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरूमा पनि यस गाउँपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।

उमेर समूहअनुसार जनसख्याको विवरण





## ३.७ जातजाति समूहअनुसार जनसंख्याको विवरण

यस गाउँपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार प्यूठान जिल्लामा ४० भन्दा बढि किसिमका जातजातिको बसोबास रहेको पाईन्छ। यसरी प्यूठान जिल्लामा अवस्थित ऐरावती गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी मगर जाति ७,८८३ जना (३५.२०%), दोस्रोमा क्षेत्री ४,७५४ (२१.२३%) र तेस्रोमा ब्राम्हण पहाडी २,१५५ (९.६२%) रहेका छन्। त्यसैगरी विभिन्न जातजातिहरूको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ११: ऐरावती गाउँपालिकाको जनसंख्या र जातको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | मगर | ७,८८३ | ३५.२० |
| २ | क्षेत्री | ४,७५४ | २१.२३ |
| ३ | ब्राम्हण पहाडी | २,१५५ | ९.६२ |
| ४ | सार्की | १,९१३ | ८.५४ |
| ५ | कामी | १,८०४ | ८.०६ |
| ६ | गुरुङ | १,५०१ | ६.७० |
| ७ | दमाई/ढोली | ६४६ | २.८८ |
| ८ | ठकुरी | ४८३ | २.१६ |
| ९ | नेवार | ४३३ | १.९३ |
| १० | घर्ती/भुजेल | ३१८ | १.४२ |
| ११ | अन्य | ५०२ | २.२४ |
| | जम्मा | २२,३९२ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*





## ३.८ मातृभाषाअनुसार जनसंख्याको विवरण

**तालिका नं १२:** मातृभाषाअनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २०,१८७ | ९०.१५ |
| २ | मगर | १,५५० | ६.९२ |
| ३ | गुरुङ | ६२५ | २.७९ |
| ४ | भोजपुरी | ११ | ०.०५ |
| ५ | नेवारी | ६ | ०.०३ |
| ६ | अन्य | १३ | ०.०५ |
| | जम्मा | २२,३९२ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

यस गाउँपालिकामा अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा सबैभन्दा बढी नेपाली भाषा बोल्नेहरूको संख्या सबैभन्दा बढी अर्थात २०,१८७ (९०.१५ प्रतिशत) रहेको देखिन्छ। दोस्रोमा मगर भाषा १,५५०(६.९२ प्रतिशत), तेस्रोमा गुरुङ बोल्ने संख्या ६२५ (२.७९ प्रतिशत) रहेको पाइन्छ। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रूपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।




## (क) आदिवासी

यस गाउँपालिकाको कुल जनसंख्या २२,३९२ मध्ये ४५.२९ प्रतिशत (१०,१४१ जना) जनसंख्या आदिवासी (मगर, नेवार, गुरुङ, तामाङ, आदि) रहेको छ। जसमा सबैभन्दा बढी मगर जातिको संख्या ७,८८३ (३५.२० प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रूपमा न्यून रहेको छ। यी समुदायद्वारा ऐरावती गाउँपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रूपमा हाल निर्णायक तहमा जुन सहभागिता देखिएको छ त्यो प्रशंसनिय छ साथै, यो समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत सबल हुँदै जानुपर्ने देखिन्छ। ऐरावती गाउँपालिकाको विकासको लागि वाहुल्यता रहेको यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने देखिन्छ।

## (ख) उत्पीडित समुदाय

जात जातिको हिसावले ऐरावती गाउँपालिकामा पनि ठूलो समुदायको रूपमा रहेको उत्पीडितहरूले लगभग २०.३२ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रूपमा छुवाछुतजस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., नि.मा.वि, र मा.वि.मा अध्ययन गर्ने छात्रछात्राहरूको संख्या भने तुलनात्मक रूपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानूनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रूपमा परिभाषित गरिएको झण्डै ४ दशक हुन लाग्दा पनि उत्पीडित र अपेक्षित समुदायले अद्यापि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका

लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनैतिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनैतिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रूपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। ऐरावतीको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।


## ३.९ धर्मअनुसार जनसंख्याको विवरण

तालिका नं १३: धर्मअनुसार जनसंख्याको विवरण

| धर्म | हिन्दु | बौद्ध | क्रिश्चियन | बहाई | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जनसंख्या | **१९,९८३** | २,३७६ | २८ | १ | ४ | **२२३९२** |
| प्रतिशत | **८९.२४** | १०.६१ | ०.१३ | ०.०० | ०.०२ | **१००.००** |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणनाअनुसार यहाँको कुल जनसंख्या २२,३९२ जनाको ८९.२४ प्रतिशत (१९,९८३ जना) हिन्दु, १०.६१ प्रतिशत (२,३७६ जना) बौद्ध, ०.१३ प्रतिशत (२८ जना) क्रिश्चियन धर्मावलम्बीहरू र सबैभन्दा कम प्रकृति बहाई १ जना रहेको पाईन्छ। माथिको तालिकामा ऐरावती गाउँपालिकाको धर्मगत जनसंख्याको तथ्यांकलाई देखाइएको छ। यी विविध तथ्यबाट गाउँपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट विविधता रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



यस गाउँपालिकाका अधिकांश मानिसहरूले धर्मको रूपमा सनातन हिन्दु धर्मलाई अपनाएको देखिन्छ। पहाडी समुदायहरूबाट वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्मशास्त्र आदिलाई रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रूपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो। गाउँपालिकामा विभिन्न समुदायका मानिसहरूको बसोबास रहेका हुनाले उनीहरूका आआफ्नै चाडपर्वहरू छन्। जस्तै, हिन्दू धर्मावलम्बीहरूले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सक्राङ्ती, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, अंग्रेजी नयाँ वर्ष, सोह्रश्राद्ध, बोल बम आदि चाडपर्वहरू मानाउने गर्दछन्। बौद्ध धर्मावलम्बीहरूले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, तिहार आदि मनाउने गर्दछन्।


## ३.१० परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं १४: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८२४ | १० | २ | २ | ८३८ |
| २ | ८६२ | १६ | ३ | २ | ८८३ |
| ३ | ६८७ | ४ | ० | १ | ६९२ |
| ४ | ५७१ | ५ | ० | ४ | ५८० |
| ५ | ७२४ | ४ | २ | ४ | ७३४ |
| ६ | ९०१ | ४ | १ | १७ | ९२३ |
| जम्मा | ४,५६९ | ४३ | ८ | ३० | ४,६५० |
| प्रतिशत | ९८.२६ | ०.९२ | ०.१७ | ०.६५ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा ऐरावती गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाउँपालिकामा जम्मा ४,६५० घरधुरीहरू मध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ४,५६९ (९८.२६ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ४३ (०.९२ प्रतिशत रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी ८ (०.१७ प्रतिशत) र अन्य घरधुरीको संख्या ३० (०.६४ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत तुलना गर्दा वडा नं. ६ मा निजी स्वामित्वमा रहेको घरधुरी संख्या (९०१) सबैभन्दा बढी रहेको पाइन्छ। त्यसैगरी वडा नं. ४ मा सबैभन्दा कम (५७२) घरधुरी संख्या निजी स्वामित्वमा रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

तालिका नं १५: महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ६४ | ७६८ | ६ | ८३८ |
| २ | ११३ | ७७० | ० | ८८३ |
| ३ | ८४ | ६०३ | ५ | ६९२ |
| ४ | ८९ | ४९० | १ | ५८० |
| ५ | ७८ | ६५५ | १ | ७३४ |
| ६ | ११० | ८०९ | ४ | ९२३ |
| जम्मा | ५३८ | ४,०९५ | १७ | ४,६५० |
| प्रतिशत | ११.५७ | ८८.०६ | ०.३७ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा ऐरावती गाउँपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या ५३८ (११.५७ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ४,०९५ (८८.०६ प्रतिशत) रहेको छ भने स्वामित्व उल्लेख नगरिएको घरधुरी संख्या १७ (०.३७ प्रतिशत) रहेको छ। जुन प्राप्त तथ्यांकअनुसार यस गाउँपालिकामा अझै पनि महिलाको जनजागरणमा विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

**तालिका नं १६:** महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं. | महिलाको नाममा जग्गा भएको | महिलाको नाममा जग्गा भएको नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ८१ | ७५१ | ६ | ८३८ |
| २ | १५३ | ७३० | ० | ८८३ |
| ३ | ११० | ५७७ | ५ | ६९२ |
| ४ | ११४ | ४६५ | १ | ५८० |
| ५ | १२९ | ६०४ | १ | ७३४ |
| ६ | १९६ | ७२३ | ४ | ९२३ |
| जम्मा | ७८३ | ३,८५० | १७ | ४,६५० |
| प्रतिशत | १६.८४ | ८२.८० | ०.३७ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

यस ऐरावती गाउँपालिकामा जग्गामा महिलाको स्वामित्व भएको निकै कम देखिन्छ। महिलाको स्वामित्व भएको संख्या ७८३ (१६.८४ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ३,८५० (८२.८० प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण


तालिका नं १७: अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | अनुपस्थित जम्मा | अनुपस्थित पुरुष | अनुपस्थित महिला |
|---|---|---|---|---|---|
| २०६८ | ४,६५० | २,५०७ | **३,६४२** | ३२७६ | ३६६ |
| **प्रतिशत** | | **५३.९१** | | **३७.६८** | **२.८७** |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

**(नोट : माथिको तालिकामा रस्युरकोट र धुवाङका केहीवडाहरू नयाँ संरचनाअनुसार गाउँपालिकामा विभाजन भएका छन् )**

अनुपस्थित घरधुरी संख्या ५३.९१ प्रतिशत अर्थात २,५०७ घरधुरी अनुपस्थिति रहेको देखिन्छ। जसमा पुरुषको संख्या ३७.६८ प्रतिशत (३६४२ जना) रहेको छ भने महिलाको संख्या २.८७ प्रतिशत (३६६ जना) रहेको देखिन्छ। लैङ्गिक आधारमा अनुपस्थित घरधुरीको संख्या पुरुष र महिलाको बिचमा ठूलो अन्तर देखिन्छ। जिल्लाको कुल जनसंख्याको ३४.८१ प्रतिशत (२,९१० जना) जनसंख्या अनुपस्थित देखिन्छ ।




नक्सा १२: ऐरावती गाउँपालिकाको घरधुरी


## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

तालिका नं १८: बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ८२६ | ६ | ४ | १ | १ | ८३८ |
| २ | ८४९ | ३२ | १ | १ | ० | ८८३ |
| ३ | ६८४ | ३ | २ | ० | ३ | ६९२ |
| ४ | ५६८ | ८ | ० | २ | २ | ५८० |
| ५ | ७१९ | ११ | १ | १ | २ | ७३४ |
| ६ | ९०४ | १४ | १ | ४ | ० | ९२३ |
| जम्मा | ४,५५० | ७४ | ९ | ९ | ८ | ४,६५० |
| प्रतिशत | ९७.८५ | १.५९ | ०.१९ | ०.१९ | ०.१७ | १०० |

स्रोत: राष्ट्रिय जनगणना २०६८

माथिको तथ्यांकलाई हेर्दा यस ऐरावती गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनेको सबैभन्दा धेरै घरधुरी ४,५५०(९७.८५ प्रतिशत) छ भने सबैभन्दा कम बाँसजन्य सामाग्रीबाट बनेको बाहिरी गारो भएको घरधुरी ९ (०.१९ प्रतिशत) रहेको छ। यसैगरी सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगाभएको घरधुरी ७४ (१.५९ प्रतिशत), काठ तथा फल्याकबाट बनेको बाहिरी गारोको घरधुरी ९ (०.१९ प्रतिशत) रहेको छ भने र उल्लेख नगरिएको ८ (०.१७ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। त्यस्तै वडागत रूपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने सबैभन्दा बढी माटोको जोडाइ भएको ईँटा तथा ढुङ्गाबाट बनेको बाहिरी गारो भएको घरधुरी ९०४ वडा नं. ६ मा रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं. ४ मा जम्मा ५६८ घरधुरी रहेको पाईयो। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण

**तालिका नं १९:** छानाको आधारमा घरको बनोटको विवरण

| वडा | खर/पराल /छ्वाली | जस्ता/टिन /च्यादर | टायल/खपडा /झिँगटी/ढुङ्गा | सिमेन्ट/ ढलान | काठ/ फल्याक | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७३२ | १०१ | ४ | ० | ० | ० | १ | ८३८ |
| २ | ५७४ | २२२ | ८१ | ४ | १ | ० | १ | ८८३ |
| ३ | ४६६ | १३३ | ८९ | ० | ० | १ | ३ | ६९२ |
| ४ | २८१ | २२९ | ६४ | ४ | ० | ० | २ | ५८० |
| ५ | २०० | ३३९ | १८८ | ५ | ० | ० | २ | ७३४ |
| ६ | ३८४ | २८४ | २५२ | ३ | ० | ० | ० | ९२३ |
| जम्मा | २,६३७ | १,३०८ | ६७८ | १६ | १ | १ | ९ | ४,६५० |
| प्रतिशत | ५६.७१ | २८.१३ | १४.५८ | ०.३४ | ०.०२ | ०.०२ | ०.१९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

यस ऐरावती गाउँपालिकामा भएका घरधुरीहरूलाई छानाको बनोटको आधारमा छुट्याउँदा खर/पराल/छ्वालीको छाना रहेको भएको घरको संख्या सबैभन्दा धेरै २,६३७ (५६.७१ प्रतिशत) रहेको छ भने सबैभन्दा थोरै काठ तथा फल्याकको छाना रहेको घरधुरी १ (०.०२ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा जस्ता, टिन तथा च्यादरको छाना भएको घरधुरी १,३०८ (२८.१३ प्रतिशत), तेस्रोमा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरधुरी ६७८ (१४.५८ प्रतिशत) र सिमेन्ट तथा ढलानको छाना रहेको घरधुरी १६ (०.३४ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा दिइएको छ।




## ३.१६ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं २०: जगको आधारमा घरको बनोटको विवरण

| वडा | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | ढलान पिल्लरसहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७५४ | ३ | ० | ८० | ० | १ | ८३८ |
| २ | ८४९ | ३२ | ० | २ | ० | ० | ८८३ |
| ३ | ६८७ | १ | ० | १ | ० | ३ | ६९२ |
| ४ | ५७० | २ | ४ | २ | ० | २ | ५८० |
| ५ | ७२३ | ७ | २ | ० | ० | २ | ७३४ |
| ६ | ९०९ | ० | ३ | ११ | ० | ० | ९२३ |
| जम्मा | ४,४९२ | ४५ | ९ | ९६ | ० | ८ | ४,६५० |
| प्रतिशत | ९६.६० | ०.९७ | ०.१९ | २.०६ | ०.०० | ०.१७ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

ऐरावती गाउँपालिकामा परिवारले प्रयोग गरेको माटोको जोडाइ भएको ईँटा तथा ढुंगाका जग भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ४,४९२ (९६.६० प्रतिशत) छन् भने काठको खम्बा गाडेको जग भएको ९६ (२.०६ प्रतिशत), सिमेन्टको जोडाइ भएको ईँटा तथा ढुंगाबाट बनेको घरको जग भएका घरधुरी ४५ (०.९७ प्रतिशत) र सबैभन्दा कम ढलान पिल्लरसहितको जग भएको घरको संख्या ९ (०.१९ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



### (क) भवन निर्माणका किसिमहरू

ऐरावती गाउँपालिका भित्र रहेका भवनको स्वरूपलाई हेर्दा सबैभन्दा बढि माटोको जोडाई भएको इँटा/ढुंगाबाट बनेको पाईयो जसले कुल भवनहरू मध्ये ९६.१३ प्रतिशत ओगटेको देखिन्छ। यसैगरी कुल भवनहरू मध्ये काठ/फल्याकबाट बनेको भवनहरू सबै भन्दा कम ०.२४ प्रतिशत, बाँसजन्य सामग्रीबाट बनेको ०.३४ प्रतिशत र सिमेन्ट जडान भएको इँटा/ढुंगाबाट बनेको ३.०८ प्रतिशत रहेको छ। यसरी घरको जग र बाहिरी गारोको आधारमा हेर्ने हो भने यो गाउँपालिका धेरै घरहरू भूकम्पको जोखिममा रहेको बुझ्न सकिन्छ।

### (ख) भवन संवेदनशीलता

गाउँपालिकामा भइरहेको जनसंख्या वृद्धि र शहरी विस्तारले विकासोन्मुख राष्ट्रहरूमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ। निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रूपमा परिभाषित गरिएको छ। भवन, अत्यावश्यक सुविधाहरू, लाइफलाइन आदिको संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ।

### (ग) गाउँपालिकाको भवनहरूको विवरण

तालिका नं २१: गाउँपालिकाको भवनहरूको विवरण

| क्र.सं. | साविक गाविसका हालका भवनहरू | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | साविक गाविसकोनाम | भवनको प्रकृति वटा | | | प्रस्तावित गापाको वडा नं. | |
| | | गोटा | कच्ची | पक्की | | |
| १ | दांगबांग | - | - | - | १ | नभएको |
| २ | बरौंला | १ | - | - | २ | |
| ३ | पकला | १ | √ | - | ३ | |
| ४ | धुवांग | - | - | - | ४ | नभएको |
| ५ | रस्पुरकोट | - | - | - | ५ | नभएको |
| ६ | बिजुली | १ | - | √ | ६ | |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## ३.१७ बसाइँ सराइको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरू मध्ये बसाइँसराइ एक प्रमुख कारण मानिन्छ। पहाडी जिल्लाहरूमा बसाइँसराइको इतिहास वि.सं. २०१९ सालदेखि प्रारम्भ भएको मान्न सकिन्छ। विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थायी वा अस्थाई रूपमा बसाइँ सरेर जाने प्रवृत्ति क्रमशः बढ्दै गएको पाइन्छ। यसरी बसाइँ सराइका विभिन्न कारणहरू छन्। तीमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन्। गाउँपालिकाको जनसंख्या बृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मूल कारकतत्वसमेत बसाइसराई नै बन्न पुगेको देखिन्छ।

गाउँपालिकामा उपलब्ध सेवा सुविधा कमीहुनु भौगोलिक विकटता हुनु र पहाडवाट सुविधाका लागि तराईमा बसाइ सर्ने कार्यले गाउँबाट बसाइँ सरेर जानेको संख्या दिनानु दिन बढ्दै गइरहेको छ। बेरोजगारीको समस्या गाउँपालिकाको विकराल समस्याको रूपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेशिने क्रमसमेत गाउँपालिकाबाट बढ्न थालेको छ। खुला सिमानाको उपयोग गर्दै निर्वाधरूपले भारत आवतजावत गर्न सकिने र भिसा पासपोर्ट विना नै जाने हुँदा निश्चित रूपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या निकै ठूलो रहने गरेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा गाउँपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।

## ३.१८ व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी मान्यताहरू पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी मान्यता पालना गर्नु पर्ने हुन्छ। यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाइँ, सराई विवाह र सम्बन्ध विच्छेदजस्ता घटना दर्ता गर्नुपर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ, कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाइँसराइ गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।


**तालिका नं २२:** व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

| सि.नं. | साविकका गा.वि.स. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | सम्बन्ध विच्छेद | बसाई सरी आएको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | दर्ता संख्या | गएको संख्या | आएको संख्या |
| १ | दाङवाङ | १६० | १७२ | ३३२ | ४ | १६ | २० | ६९ | ० | १९ | ९१ | १६ |
| २ | वरौंला | १४५ | १२३ | २६८ | १७ | १८ | ३५ | ६८ | ० | ११ | ५१ | ० |
| ३ | पकला | १२९ | १२४ | २५३ | १३ | १६ | २९ | ६६ | ० | १५ | ६१ | ० |
| ४ | धुवाङ | १०५ | ११२ | २१७ | ७ | १६ | २३ | ३५ | ० | ८ | ४० | २ |
| ५ | रस्पुरकोट | ७७ | ६७ | १४४ | ४ | १६ | २० | ३८ | ० | ५ | १९ | ० |
| ६ | विजुली | १०४ | ११४ | २१८ | ७ | २० | २७ | ३८ | ० | १९ | ६६ | ७ |
| | **जम्मा** | **७२०** | **७१२** | **१४३२** | **५२** | **१०२** | **१५४** | **३१४** | **०** | **७७** | **३२८** | **२५** |

*स्रोत: जिल्ला समन्वयन समिति, प्यूठान २०७१*


(नोट : माथिको तालिकामा रस्पुरकोट र धुवाङका केही वडाहरू नयाँ संरचनाअनुसार अरुनै गाउँपालिकामा समावेश भएका छन् )

तालिकामा वि.स.२०७१ मा ऐरावती गाउँपालिकामा भएको व्यक्तिगत घटनाको विवरण उल्लेख गरिएको छ। जसमा २०७१ मा ऐरावती गाउँपालिकामा जन्म दर्ता गराउने संख्या जम्मा १४३२ जना छन् जसमध्ये महिला ७२० जना छन् भने पुरुष ७१३ जना छन्। त्यसैगरी सालभरी १५४ जनाको मृत्यु दर्ता भएको छ जसमा महिला ५२ जना छन् भने पुरुष १०२ जना छन्। त्यसैगरी सालभरि ३१४ जोडीको विवाह दर्ता भएको देखाइएको छ भने गाउँपालिकामा सालभरि सम्बन्ध विच्छेद एउटा पनि दर्ता भएको छैन। गाउँपालिकामा बसाइँ सराइको प्रभाव पनि देखाइएको छ। गाउँपालिकामा बसाइँ सरी आएका जम्मा २५ परिवार छन् भने बसाइँ सरी गएका जम्मा ३२८ जना छन्। गाउँपालिकामा बसाइँ सरी आउने भन्दा जानेको संख्या ३०३ जनाले बढी देखिएको छ। भौगोलिक विकटता साथसाथै आकांक्ष समयानुकूल बढ्दै जानुनै गाउँपालिकामा बसाइँ सराइ गर्नुको मुख्य कारण रहेको तथ्यांङ्कले बताएको छ।




नक्सा १३: ऐरावती गाउँपालिकामा बसोवासको अवस्था

# खण्ड ४ : भू-उपयोग




नक्सा १४: ऐरावती गाउँपालिकाको भू-उपयोग


## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण

तालिका नं २३: भू-उपयोग विश्लेषण २०७४

| विवरण | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|
| **खेती योग्य जमिन** | ४४३२ | २८.२७ |
| **वनजंगल** | ९८४६ | ६२.८१ |
| **जलशाय क्षेत्र** | १२४ | ०.७९ |
| **बालुवा** | ३०१ | १.९२ |
| **चरन** | १४९ | ०.९५ |
| **झाडी तथा बुट्यान** | ८२२ | ५.२४ |
| **अन्य** | १ | ०.०१ |
| **कुल क्षेत्रफल** | **१५६७५** | १०० |

*स्रोत : जिल्ला समन्वय समिति कार्यालय, प्यूठान २०७३*

ऐरावती गाउँपालिकाको विधमान भू-उपयोग हेर्दा गाउँपालिकाको झण्डै ६२.८१ प्रतिशत -९८४६ हे.) वनले ओगटेको छ भने २८.२७ प्रतिशत (४,४३२ हे.) जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रूपमा रहेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ। गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै ऐरावती गाउँपालिकामा जलाशय क्षेत्रले करिव ०.७९ प्रतिशत (१२४ हे.) जमिन ओगटेको छ। चरन क्षेत्रले करिव ०.९५ प्रतिशत (१४९ हे.) जग्गा, झाडी तथा बुट्यान ५.२४ प्रतिशत (८२२ हे.) र बालुवाले १.९२ प्रतिशत (३०१ हे.) ओगटेको पाइन्छ। गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरूको आर्थिक हैसियत वृद्धि गर्न र वातावरणमा प्रतिकूल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।



### ४.१.१ सार्वजानिक जग्गाको विवरण

मालपोत ऐन, २०३४ ले सरकारी स्वामित्वमा रहेको जग्गालाई सरकारी र सार्वजानिक प्रयोजनमा रहेको जग्गालाई सार्वजानिक जग्गा भनी परिभाषित गरेको छ ।

राज्यको स्वामित्वमा रहेको जग्गाको संरक्षण गर्ने दायित्व राज्यले तत्सम्बन्धी जिम्मेवारी दिइएका निकायहरू जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय तथा स्थानीय निकाय (नगरपालिका तथा गाउँपालिका) को क्षेत्राधिकार तोकेको पाइन्छ। जिल्लाको सम्पूर्ण सरकारी तथा सार्वजानिक जग्गाको संरक्षण यी उल्लेखित संस्था तथा निकायहरूबाट मात्र सम्भव नभई त्यस क्षेत्रका सचेत नागरिक, उपभोक्ता, नागरिक समाजका प्रतिनिधिहरू, गैरसरकारी संस्था एवम् निजी क्षेत्रका प्रतिनिधि समेतको सक्रिय सहयोग भएमा मात्र भएमा मात्र यस्ता सरकारी, सार्वजानिक जग्गाको संरक्षण तथा सवर्द्धनमा सहयोग पुग्न जान्छ। ऐरावती गाउँपालिकामा रहेका खोला, जंगल, खोल्साखोल्सी, बट्यान, गौचर, बाटो, भिरपाखा, चौरकुलो आदि सरकारी तथा सार्वजानिक प्रयोजनमा रहेका जग्गाको विवरण साविकका गाविसअनुसार दिइएको छ। जसको विस्तृत विवरण तलको तालिकामा दिईएको छ ।

तालिका नं २४: सार्वजनिक जग्गाको विवरण

| क्र.सं. | साविकको गाविस | सरकारी तथा सार्वजनिक जग्गाको क्षेत्रफल (रोपनीमा) |
|---|---|---|
| १ | दाङवाङ | ३९९२८-६-०-० |
| २ | धुवाङ | ६९६४६-१०-३-३ |
| ३ | बरौला | २८९०९-१४-३-३ |
| ४ | बिजुली | ३४३८७-१०-०-० |
| ५ | रस्पुरकोट | २२१४४-१-१-२ |
| ६ | पकला | ३९४८३-४-३-३ |
| | जम्मा | **२३४५००-०-०-३** |

*(नोट : माथिको तालिकामा रस्पुरकोट र धुवाङका केही वडाहरू नयाँ संरचनाअनुसार अरु नै गाउँपालिकामा समावेश भएका छन् )*

*स्रोत : मालपोत कार्यालय प्यूठान, २०६४/६५*

## ४.२ बस्तीहरूको वर्तमान स्वरूप

ऐरावती गाउँपालिका जलवायुको आधारमा बसोबासको लागी उपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत विकास भइसकेको, ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल विस्तारै विकास भउको देखिन्छ। सिंचाइ परियोजना मार्फत नहर निर्माण सँगै सडक प्रणालीको समानान्तर विकास भएको छ। गाउँपालिकामा विभिन्न विकासका पूर्वाधार शिक्षा स्वास्थ्यको क्रमिक विकास हुँदै गएको छ। गाउँपालिकामा

बस्ती विकास र बस्ती विकास श्रृङ्खला विकास भएको छ। हुलाक, टेलिफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न गाउँपालिकाहरूले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रूपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरूपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्कजस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधाजस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

गाउँपालिकाको कुल ४,६५० परिवारहरू मध्ये, घरको जग माटोको जोडाइ भएको इट्टा, ढुङ्गा भएका घरधुरी ९६.६० प्रतिशत, बाहिरि गाह्रो माटोको जोडाइ भएको इट्टा, ढुङ्गा भएका घरधुरी ९७.८५ प्रतिशत र खर/पराल/छ्वाली छाना भएका घरधुरी ५६.७१ प्रतिशत छन्। पहाडका अन्य गाउँपालिकाहरूको जस्तै आवास घर निर्माणमा ऐरावती गाउँपालिकाको स्थिति राम्रो रहेको छ। गाउँपालिकामा कुल ४३ (०.९२ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ४,५६९ (९८.२६ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। गाउँपालिका भित्र ८ (०.१७ प्रतिशत) घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा गाउँपालिकासाथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका गाउँपालिका विकास समिति एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.३ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :



- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदानजस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रूपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.४ भू-क्षय सम्भावित क्षेत्र

गाउँपालिकाका नदी, खोला किनारका भागहरू तथा भिर पाखाहरू भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानविय गतिविधिका कारणबाट गाउँपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलत: गाउँपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ।

धरातलीय उचाईको विविधताले गर्दा यहाँ समतल फाटदेखि उच्च पहाडी भु-भाग समेत रहको छ। तल्लो क्षेत्रहरू गाउँपालिकाकै प्रमुख उत्पादन क्षेत्रहरू पनि यस ऐरावती गाउँपालिकामा पर्दछन्। माटो पाँगो एवंम बलौटे दोमट भएको हुँदा उत्पादन राम्रो हुन्छ। उच्च पहाडी क्षेत्रमा कडा खालको बलौटे र चुनढुङ्गा मिसिएको माटो भएकाले यस क्षेत्रमा भु-क्षय पहिरो जाने संभावना कम हुन्छ भने मध्य भागमा पत्रे चट्टानमा रातो माटो मिसिएको माटो बढी भएको हुँदा भु-क्षय र पहिरोको दृष्टिले बढी संवेदशील मानिन्छ।

भौगोलिक हिसाबले कमजोर भुभाग र मध्यम खालको जलाधारीय अवस्थाले गर्दा यस गाउँपालिकामा पनि वर्षेनी भुक्षय, बाढी, पहिरो, नदी कटान हुने गरेको छ। कहिलेकाहीँ त स्थानीय जनताको ज्यान समेत लिने गरेको दुखदायी घटनका ऐरावती वासीले भोग्नु परेको छ। भुक्षय र पहिरोको समस्याहरू र यसको कारण पहिल्याएर समाधानको लागि एक निकायलाई मात्र जिम्मेवार नठानी सम्बद्ध सबै निकायहरूले समन्वय र साझेदारी गरेर भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमलाई प्राथमिकताको साथ अगाडि बढाउनु आजको टड्कारो आवश्यकता देखिएको छ।

## ४.५ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं २६: गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक घर कमै मात्रामा भएको, | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिकामा विशेषत: साना ठुला नदि/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |

| | | | |
|---|---|---|---|
| ३ | आगलागी | गाउँपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका लगाएतका र अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटरजस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रूपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना  कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | जंगली जनावर आतंक | गाउँपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरू | जुनसुकै समयमा |
| ७ | मौसमी सुख्खा | पानी नपरेमो सिचाईं सुविधा नपुगेका भागहरू | असार –भदौ |
| ८ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत: जिल्ला समन्वय समिति कार्यालय, प्यूठान २०७३*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ गाउँपालिकामा अर्थतन्त्रको संरचनात्मक स्वरूप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, पानी, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा पहाडी भूभाग भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। त्यसैगरी गाउँपालिकामा नदी, वनजंगल तथा जैविक विविधताले गाउँपालिकाको विकासमा थप सम्भावना बोकेका छन्। प्यूठान जिल्लाको एकदमै रमणीय, धार्मीक तथा ऐतिहासीक गाउँपालिकाको रूपमा चिनिन्छ ऐरावती गाउँपालिका, यसै कारणले गर्दा यस ऐरावती गाउँपालिकामा क्षेत्रीय आकर्षण रहनु, गाउँपालिकाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानुन, नीति, नियम कार्यान्वयनमा रहनुलगायत विभिन्न अवसरहरू गाउँपालिकाको विकासका लागि रहेका छन्। मील, फर्निचर उद्योग, धागोको उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना घरेलु उद्योग तथा व्यवसायहरू हुन्। यस गाउँपालिकाको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि दिर्घ कालिन असरका हिसाबले यो त्यति सकारात्मक भने होइन।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षण गन्तव्यहरू मध्ये ऐरावती गाउँपालिका महत्वपूर्ण रहेको छ। विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू गाउँपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन्।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं २७: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिकरूपले सक्रिय पुरुष | आर्थिकरूपले सक्रिय महिला | आर्थिकरूपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| २२,३९२ | ३,९५७(३६.४४) | ६,९०२ (६३.५६) | १०,८५९ (४८.४९) |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

जनसांख्यिक हिसाबले ० - १४ वर्ष तथा ६० वर्ष माथिको जनसंख्यालाई आर्थिक रूपले आश्रित जनसंख्याको रूपमा लिने गरिन्छ। यद्यपी नेपालको परिप्रेक्षमा बालबाललिका र बृद्धबृद्धाहरू समेत कतिपय अवस्थामा आर्थिक रूपले सकृय रहेको पाइन्छ। गाउँपालिकामा १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरूपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ३,९५७ (३६.४४ प्रतिशत), महिलाको संख्या ६,९०२ (

६३.५६ प्रतिशत) देखिन्छ। आर्थिक रूपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता २९४५ (२७.१२ प्रतिशत) छ, भने गाउँपालिकाको कुल जनसंख्याको १०,५८९ अर्थात् ४८.४९प्रतिशत जनसंख्या आर्थिकरूपले सक्रिय छन्। आर्थिक रूपमा निस्कृय जनसंख्या ५१.५१ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या ९,६६२ (८३.१७ प्रतिशत) र आश्रित बृद्धबृद्धाहरूको संख्या १,८७१ (१६.२२ प्रतिशत) देखिन्छ। कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या ११,५३३ (५१.५१ प्रतिशत) देखिन्छ। जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ।

तालिका नं २८: आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबाबिलका (०-१४) | | आश्रित बृद्धबृद्धाहरू (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | ९,६६२ | ८३.७८ | १,८७१ | १६.२२ | ११,५३३ | ५१.५१ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

## ५.४ कृषि



नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ। ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रूपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफलसम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषिसम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रूपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

तुलनात्मक रूपमा हेर्दा आर्थिक रूपले सकृय पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र ग्रामिण क्षेत्रमा खेती योग्य जमिनको सहि सदुपयोग नहुने पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारणहरू हुन् ।

गाउँपालिकाको २८.२७ प्रतिशत क्षेत्रफल खेतियोय जमिनले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ। सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ। गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रूपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ। ऐरावती गाउँपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ।

### (क) हिउँदे बाली

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा कोदो,फापर, जौ, उखु, मसुरो, चना, अरहर, मास, गहत, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, सुन्तलाका जातहरू, आलु, मसला बाली, आदि रहेका छन्।

### (ख) वर्षे बाली

गाउँपालिकाका प्रमुख वर्षे बालीहरूमा धान, मकै, कोदो, दलहन, भटमास, मास, आँप, अम्बा, लिची, कटहर, आरु, नास्पाति आलु, स्याउ, ओखर, केरा, मसला बाली, अदुवा आदि छन्।

## ५.४.१ कृषक समूहको विवरण

यस गाउँपालिकामा आ.व. २०७१/०७२ मा ४० वटा कृषक सहूहरू मध्ये महिला कृषक समूहहरू ८ र पुरुष कृषक समूहरूको संख्या ० रहेका छन्। लैंगिक हिसाबले यस गाउँपालिकामा महिला कृषि समूहहरूको वर्चस्व देखिन्छ भने गाउँपालिकामा मिश्रीत कृषक समूहहरूको संख्या ३२ देखिन्छन्। यही आर्थिक वर्षसम्ममा यी समूहहरूको हितकोष रकम ६ लाख ४५ हजार १ सय ७१ संकलन गरी केही रकम कृषि प्रयोजनको लागि प्रयोग गरिएको छ। यसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ३०: कृषक समूहको विवरण

| कृषक समूह संख्या | | | | सदस्य संख्या | | | हितकोष रकम रु. |
|---|---|---|---|---|---|---|---|
| कुल | महिला | पुरुष | मिश्रीत | कुल | महिला | पुरुष | |
| ४० | ८ | ० | ३२ | ७८९ | ४८३ | ३०७ | ६,४५,१७१ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

### ५.४.२ कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रूपमा रहेको छ। सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरू देखिने गरेको छ भने गहुँमा कालो पोके र सिन्दुरेजस्ता रोगहरू देखिन्छन्। यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिनेजस्ता रोगहरू मुख्य रूपमा देखा पर्दछन्। फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, क्याक रोग, जरा कुहिन, ओइलाउने आदी रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन्। मुख्य बालीहरूमा लाग्ने शत्रु जीव र रोगहरूको विस्तृत विवरण तलको तालिकामा राखिएको छ।

तालिका नं ३१: विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | डढुवा, भाइरस |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, पतेरो | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | गवारो | पात डढुवा, |

*श्रोत: जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

### ५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

कृषि प्रबिधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन ऐरावती गाउँपालिकामा निम्नानुसारका कृषि सेवाकेन्द्र स्थापना गरिएको छ।

तालिका नं ३२: कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

| सि.नं. | कृषि सेवाकेन्द्र र सम्पर्कस्थल | कार्यक्षेत्र |
|---|---|---|
| १ | बरौला | दांङवांङ, पकला, बरौला, बिजुली, रस्पुरकोट र धुवाङ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

### ५.४.२ बाली पात्रो

तालिका नं ३३: बाली पात्रो

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान वर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | माघ / फागुन | जेष्ठ / वैशाख |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ७ | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |
| ८ | उखु | माघ / फागुन | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | असोज / कार्तिक | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| १४ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |

*श्रोत: जिल्ला कृषि विकास कार्यलिय, प्यूठान २०७३*

### ५.४.५ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठीत रूपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन रहेकोमा पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ। गाउँपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरू विभिन्न खालका अभ्यासमा आएका छन्। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन्। हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरू विकास र अभ्यास भएको देखिन्छ। कृषि उपज बजारीकरणका ढाँचाहरूले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन्। गाउँपालिकामा विभिन्न स्थानिय बजार कृषि लगायत अन्य वस्तुहरूको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ।

**तालिका नं ३४:** सेवाकेन्द्र/ सम्पर्कस्थलको कार्यक्षेत्र अन्तरगत कार्यरत गैरसरकारी संस्थाहरूको विवरण

| सि.नं. | कार्यक्रमको नाम | सहयोगी गैसस/दातृ संस्थाको नाम | कार्यक्रम लागु भएका स्थानहरू | कार्यक्रमको उद्देश्य/ क्षेत्र | कार्यक्रमको समयावधि | कार्यक्रमको जम्मा बजेट |
|---|---|---|---|---|---|---|
| १ | किसानको लागि उन्नत विउ विजन कार्यक्रम | | | दिगो एवम बजारमुखी कृषिको उत्पादकत्व अभिवृद्धि गरि ग्रामीण कृषकहरूको आयस्तरमा वृद्धि ल्याउने | ७ वर्ष(२०१२ डिसेम्बर २ बाट २०१९ डि. १ सम्म | |
| २ | हेफर | | | | | |
| ३ | कृषि तथा खाद्य सुरक्षा आयोजना | आइ.डि.ए./डव्लु वि. | वर्जिवाड र विजयनगर | | २०७० श्रावणदेखि शुरु | १२,३५,०००.०० |
| ४ | कबुलयती वन तथा कृषि विकास कार्यक्रम | कृषि विकासको लागि अन्तराष्ट्रिय विकास कोष- इफाड | रस्पुरकोट, पकला र बरौला | पहाडी भेकमा गरिवीको रेखामुनि रहेका कृषकहरूलाई समुहमा संगठित गरि हैसियत विग्रेको ससाना क्षेत्रहरू कवुलियती वनको रूपमा उपलब्ध गराई सोहि माध्यमवाट वनक्षेत्रको सम्वर्द्धन, व्यवस्थापन तथा पशु विकास र चरन विकास गरि कृषक परिवारको आयश्रोतमा वृद्धि ल्याई वातावरणीय व्यवस्थामा समेत सुधार ल्याउने | | |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७१*

## ५.४.६ कृषि पकेट क्षेत्रको बिवरण

**तालिका नं ३५:** कृषि पकेट क्षेत्रको विवरण

| क्र. सं. | बालीको जात | पकेट क्षेत्र संख्या | पकेट क्षेत्र अन्तर्गतका स्थानहरू |
|---|---|---|---|
| १ | खाद्यान्नवाली | ८ | धुवाङ र बरौला |
| २ | खाद्यान्न बीउवृद्धि (धान, मकै, गहुँ) | १० | बरौला |
| ३ | ताजा तरकारी | १२ | बरौला र बिजुली |
| ४ | आलु | ७ | पकला |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

ऐरावती गाउँपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ। कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस गाउँपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे वाली, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ।

### ५.४.७ जग्गाको उर्वराशक्ति

गाउँपालिकामा २८.२७ प्रतिशत भूभाग कृषि उत्पादनको लागि उर्वर भूमि रही आएको छ। विगतमा ऐरावती गाउँपालिकामा रहेका उर्वरा क्षेत्र हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि साघुँरिदै गएको देखिन्छ। गाउँपालिकाको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरूमा डाँलेघाँस र खर घाँसको लागि उर्वरता रहेको पाइन्छ।

### ५.४.८ एग्रोभेटसम्बन्धी विवरण

गाउँपालिकाभरी पशुपंक्षी पालनमा आएको व्यवसायिकताको लहरसँगै भेटेरिनरी औषधीको व्यवसाय पनि निकै फस्टाउँदै गएको पाइन्छ। औषधी व्यवसायी संघ प्यूठानका अनुसार गाउँपालिकामा दर्ता भएका नभएका गरी १ दर्जन भन्दा बढी भेटेरिनरी औषधी पसलहरू संचालित छन्। जसमध्ये ७ वटा भेटेरिनरी औषधी पसलहरू यस ऐरावती गाउँपालिकामा संचालित छन्।

तालिका नं ३७: एग्रोभेटसम्बन्धी विवरण

| क्र.सं. | एग्रोभेटको नाम | साविकका गाविस | विक्रेताको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | सन्तोष एग्रोभेट सेन्टर | पकली-१ | गिर बहादुर बोहोर | |
| २ | कालीका एग्रोभेट सेन्टर | विजुली-६ | बाबुराम न्यौपाने | |
| ३ | पाण्डे एग्रोभेट सेन्टर | विजुली-६ | लालमणी पाण्डे | |
| ४ | बिमला एग्रोभेट सेन्टर | विजुली-६ | माधव सुवेदी | |
| ५ | जनसेवा लांभाली एग्रोभेट सेन्टर | वरौला ९ | राम बहादुर थापा | |
| ६ | पशुपति एग्रोभेट सेन्टर | धुवांग-४ | जगत बहादुर पुन | |
| ७ | लांघाली एग्रोभेट सेन्टर | पकला-५ | लिला बहादुर थापा | |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

### (क) मलखाद बिक्रेताहरूको विवरण

तालिका नं ३८: मलखाद बिक्रेताहरूको विवरण

| एग्रोभेटको संख्या | ठेगाना |
|---|---|
| १० | बिजुली, पकला, धुवांग, वरौला, रस्पुरकोट |

*स्रोत: जिल्ला कृषि विकास कार्यलय, प्यूठान २०७३*

### ५.४.९ कृषि सहकारी संस्थाहरूको विवरण

तालिका नं ३९: कृषि सहकारी संस्थाहरूको विवरण

| क्र.सं. | सहकारीको नाम | ठेगाना | गरिरहेका काम |
|---|---|---|---|
| १ | श्री हातेमालो सकृय महिला कृषि स.संस्था लि. | रस्पुरकोट | मल बिउ बिक्री र ऋण लगानी |
| २ | बरौला कृषि सहकारी संस्था लि. | बरौला | |
| ३ | सुनगाभा कृषि सहकारी संस्था लि. | बरौला | |
| ४ | पकला सानाकिसान कृषि सहकारी संस्था लि. | पकला | |

*स्रोत: जिल्ला कृषि विकास कार्यलय, प्यूठान २०७३*

### ५.४.१० ऐरावती गाउँपालिकामा संचालित कृषिजन्य उद्योगहरूको विवरण

ऐरावती गाउँपालिकामा आधा दर्जन भन्दा बढि कृषिजन्य उद्योगहरू संचालित रहेको पाईन्छ। जसको विस्तृत विवरण तल तालिकामा दिइएको छ।

तालिका नं ४०: ऐरावती गाउँपालिकामा संचालित कृषिजन्य उद्योगहरूको विवरण

| क्र.सं. | उद्योगहरूको नाम | साविकका गा.विस | क्र.सं. | उद्योगहरूको नाम | साविकका गा.विस |
|---|---|---|---|---|---|
| १ | सन्तोष एग्रोभेट सेन्टर | पकली-१ | २ | कालीका एग्रोभेट सेन्टर | विजुली-६ |
| ३ | पाण्डे एग्रोभेट सेन्टर | विजुली-६ | ४ | बिमला एग्रोभेट सेन्टर | विजुली-६ |
| ५ | जनसेवा लांभाली एग्रोभेट सेन्टर | वरौला ९ | ६ | पशुपति एग्रोभेट सेन्टर | धुवांग-४ |
| ७ | लांघाली  एग्रोभेट सेन्टर | पकला-५ | | | |

*स्रोत:जिल्ला कृषि विकास कार्यालय, प्यूठान २०७३*

## ५.५ सिंचाइ

गाउँपालिकामा सतह एवं भूमिगत जल सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

भूमिगत सिचाई : गाउँपालिकामा भूमिगत रूपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनिको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

यस ऐरावती गाउँपालिकामा जम्मा दुईवटा सिँचाई योजना छन्, जसमध्ये दाङवाङ सिँचाई योजनाले ८० हेक्टरे ओगटेको छ भने नब्बे फाँट सिँचाई योजनाले ५० हेक्टर क्षेत्रफल ओगटेको छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ४१: गाउँपालिकामा हाल उपलब्ध मुख्य सिँचाइको विस्तृत विवरण

| क्र.स. | सिँचाई योजनाको नाम | सिँचित हुने क्षेत्र | सिँचित क्षेत्रफल (हे) | कैफियत |
|---|---|---|---|---|
| १ | दांङवांग- सि.यो. | दांङवांग-३ | ८० | |
| २ | नब्वे फाँट सिँ.यो. | रस्पुरकोट १ र २ | ५० | |
| | जम्मा | | २१० | |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

तालिका नं ४२: साना सिंचाई निर्माण तथा मर्मत संम्भार आ.व. २०७१/७२ प्रगति विवरण

| सि. नं. | समुह सहकारीको नाम | साविकका गा.वि.स. | कूल लागत रकम | जि.कृ.वि.का.ले व्यहोर्ने रकम | सिंचााई हुने क्षेत्रफल हे. | लाभान्वीत घरधुरी संख्या | लाभान्वीत जनसंख्या संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | पिपलफांट झार्की ढंगा सिंचाई योजना | बिजुली-७ | ८०५०० | - | १.५ | १३ | ६५ |
| २ | ठूलाखोला सिँचाई योजना | बरौला-८ | - | - | १.५ | १५ | ७० |
| ३ | लिफ्ट सिँचाई योजना | बिजुली-६ | ८०५०० | - | ०.८ | १३ | ६४ |
| ४ | तल्लो कूलो  सिँचाई योजना | पकला-२ | - | - | ५ | १५ | ६७ |
| ५ | ढाडा कूलो सिँचाई योजना | बरौला-९ | ९२००० | - | १ | १३ | ६६ |
| ६ | लाहाज सिँचाई योजना | बिजुली-२,९ | ९२००० | - | ४ | १४ | ६९ |
| | | जम्मा | | | ६९ | १४७ | ८८२ |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## ५.६ पशुपालन

गाउँपालिकामा विशेषगरी गाई, भैंसी, बाखा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन। यसबाट गाउँपालिकाबासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ। यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन। त्यस्तै गरि भेटेनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ। गाउँपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ।

गाउँपालिकामा जिल्ला पशु सेवा कार्यालय बाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरू समेत कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पुर्‍याई रहेका छन्। ति कार्यालयहरूको नामावली तथा कार्यक्षेत्र निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ४३: गाउँपालिकामा पशु सेवासम्बन्धी सेवा पुर्‍याउने पशु सेवा विभाग अन्तर्गतका अन्य सरकारी कार्यालयहरू

| क्र.सं. | जि.प.से.का, सेवा केन्द्र तथा उपकेन्द्रहरूको नाम | केन्द्र अन्तर्गत समेटिएका स्थान | जिल्लामा कार्यरत प्राविधिका संख्या | हाल रिक्त संख्या |
|---|---|---|---|---|
| १ | जिल्ला पशु सेवा कार्यालय | प्यूठानका सबै गाउँपालिकाहरूमा | ६ | २ |
| २ | पशु सेवा केन्द्र धुवाङ | रस्पुरकोट, धवाङ | १ | |

*स्रोत: जिल्ला पशु सेवा कार्यालय, प्यूठान २०७३*

### ५.६.१ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, भेंडा बाखा आदि रहेका छन्। सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ। गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखातर्फ उन्नत जातका बोकाहरूसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ। तथापि बँधुवा



पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा उल्लेख्य उत्साह थपिएको अवस्था छैन। त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिनु तथा सबै न्यून उत्पादक जनावरहरूको विकल्पमा उन्नत जातको जनावर किनेर पाल्ने व्यवस्था नहुनु, यस क्षेत्रका चुनौतीहरू हुन्। तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरूलाई भविष्यमा राम्रो माउ विकसित गर्ने हेतुले थप कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ।

सारांशमा, विगतका वर्षहरूमा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ। तर हालको परिमाणात्मक विकासको गति सुस्त छ। पशुपालन क्षेत्रमा क्रमिक रूपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन। त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको आवस्यकता सर्वत्र महसुस गरिएको छ। पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र सो अनुरूप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन।

### ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरू

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको पशुपंक्षीहरूको पालन यस गाउँपालिकामा प्रमुख मात्रामा रहेको देखिन्छ। गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन्सम्बन्धी र जुका पर्दछन्। गाउँपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत, पिपिआर, स्वाइन फिवरजस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, उचित व्यवस्थापनको कमीसम्बन्धी भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रूपमा देखिने गरेको छन। गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्यसमेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग

नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन। तथापी यहाँका पशुपंक्षीहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीजजस्ता रोगहरूको प्रकोप रहेको छ भने पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रूपमा लाग्ने गरेको छ।

### ५.६.३ पशुपंक्षी पालन तथा विकासका

विकासका बाहकहरू सरकारी निकाय, निजी क्षेत्र तथा नागरिक समाज रहेको तथ्य पशुपंक्षी पालनको समग्र विकासमा पनि चरितार्थ हुन्छ। जिल्ला पशु कार्यालय, प्यूठानले जिल्लामा कार्यरत केही सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरूसँग आपसी समन्वय, सहकार्य तथा सहयात्रीको भूमिका निर्वाह गर्दै आएको छ। यस कार्यालयसँग हातेमालो गरेर पशुपंक्षी पालन व्यवसायलाई सवलीकरण गर्ने विभिन्न संस्थाहरू यस ऐरावती गाउँपालिकामा कार्यरत छन् जसमध्ये केही महत्वपूर्ण संस्थाहरूको विवरण निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ४५:** पशुपंक्षी पालनतर्फ सहकार्य गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरू

| सि.नं. | कार्यक्रमको नाम | सहयोगी गैसस/दातृ संस्थाको नाम | कार्यक्रम लागु भएका स्थानहरू | कार्यक्रमको उद्देश्य/क्षेत्र | कार्यक्रमको समयावधि | कार्यक्रमको जम्मा बजेट |
|---|---|---|---|---|---|---|
| १ | किसानको लागि उन्नत विउ विजन कार्यक्रम | | | दिगो एवम बजारमुखी कृषिको उत्पादकत्व अभिवृद्धि गरि ग्रामीण कृषकहरूको आयस्तरमा वृद्धि ल्याउने | ७ वर्ष( २०१२ डिसेम्बर २ बाट २०१९ डि. १ सम्म | |
| २ | हेफर | | | | | |
| ३ | कृषि तथा खाद्य सुरक्षा आयोजना | आइ.डि.ए./डव्लु वि. | वंर्जिवाङ र विजयनगर | | २०७० श्रावणदेखि शुरु | १२,३५,०००.०० |
| ४ | कबुलयती वन तथा कृषि विकास कार्यक्रम | कृषि विकासको लागि अन्तराष्ट्रिय विकास कोष-इफाड | रस्पुरकोट, पकला र बरौला | पहाडी भेकमा गरिवीको रेखामुनि रहेका कृषकहरूलाई समुहमा संगठित गरि हैसियत विग्रेको ससाना क्षेत्रहरू कवुलियती वनको रूपमा उपलब्ध गराई सोहि माध्यमवाट वनक्षेत्रको सम्वर्द्धन, व्यवस्थापन तथा पशु विकास र चरन विकास गरि कृषक परिवारको आयश्रोतमा वृद्धि ल्याई वातावरणीय व्यवस्थामा समेत सुधार ल्याउने | | |

*स्रोत: जिल्ला पशु सेवा कार्यालय, २०७३ प्यूठान*

## ५.७ पर्यटन

ऐरावती गाउँपालिका प्राकृतिक दृष्यहरू एवं धरातलीय स्वरूपहरू, विभिन्न संस्कृति, ऐतिहासिक एवं धार्मिक स्थलहरूका कारण धनि छ। यो गाउँपालिका मनमोहक एवं सुन्दर पहाडी चुचुराहरू, हरिया घाँसे चौरहरू तथा खेतीयोग्य झिमरुक खोलाले बनाएको उर्वरा मैदान (गाउँपालिकाको कृषि उत्पादनको आर्थिक मेरुदण्ड), हरियो वन तथा पहाडहरूले प्रसिद्ध छ। यस गाउँपालिकाका केही स्थलहरू, जस्तै, ऐरावती, बिजुली, बरौला लोकप्रिय पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिन्छ भने झिमुक खोला, मादी खोला र अन्य अविरल बग्ने नदी एवं खोलाहरूले यस गाउँपाकिलकामा जलविद्युतको प्रचुर सम्भावना रहेको देखाउँछ। यहाँको धार्मिक पर्यटकीय क्षेत्र, ग्रामिण पर्यटन र जलविद्युतको व्यवस्थित विकासले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकलाई आर्कषण गर्ने क्षमता राख्दछन्।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको कारण नेपालको आकर्षक पर्यटन गन्तव्यहरूमध्ये ऐरावती गाउँपालिका पनि एक महत्वपूर्ण स्थान रहेको पाइन्छ। ऐरावती गाउँपालिकामा स्वदेशी पर्यटकहरूको आकर्षक बढी रहेको पाइन्छ। गाउँपालिकामा भएको पर्यटन स्थलको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ४६:** पर्यटन स्थलको विवरण

| क.सं. | साविक गाविसको नाम | स्थान (प्रस्तावित गापाको वडा |
|---|---|---|
| १ | दाङवाङ | ऐरावती दोभान (धार्मिक क्षेत्र ) |
| २ | बरौंला | - |
| ३ | पकला | - |
| ४ | धुवाङ | - |
| ५ | रस्पुरकोट | - |
| ६ | बिजुली | बिजुलीकोट (१ मा कोटघर(दशैंमा मेला लाग्ने ) |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## ५.८ व्यापार तथा उद्योगको विवरण

यस गाउँपालिका मार्फत् विभिन्न पहाडी जिल्लाहरूसँगको व्यापार समेत हुने गरेको छ। यहाँ विभिन्न हाट बजारहरू व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन्। यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, ऐरावती गाउँपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराई जिल्लासँग हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ।

ऐरावती गाउँपालिकाका अधिकांश बासिन्दाहरू कृषि पेशामा आवद्ध भएका छन्। विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरू उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन्। तथापी, स्थानीय माग पूर्ति गर्ने कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन्। उखु, वाँसबाट वन्ने सामाग्री उत्पादन उधोग, बेतबाँस उद्योग, सिलाई कटाई उद्योग, ढाका र तान उद्योग, दुना टपरी उद्योग), समिल तथा फर्निचर उद्योग,

क्रसर उद्योग, इट्टा उद्योग, ग्रिल उद्योग, कुखुरा फार्म, पशु फार्म आदि यस गाउँपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरू हुन्। त्यसैगरी साप्ताहिक रूपमा लाग्ने ऐरावती गाउँपालिकामा विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ। यसले पनि गाउँपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ।

### ५.८.१ व्यपारिक क्षेत्रको विवरण

तालिका नं ४८: व्यापारिक क्षेत्रको विवरण

| ब्यापारिक क्षेत्र (बजार) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | साविक गाविस को नाम | मुख्य बजार | केन्द्रबाट दुरी (कि.मी.) | कैफियत |
| १ | दाङबाङ | वरौला | १५ | कच्ची सडक रहेको |
| २ | बरौंला | बरौला | ० | " " |
| ३ | पकला | वरौला | १३ | " " |
| ४ | धुवाङ | कैरन | ७ | " " |
| ५ | रस्पुरकोट | सालठाटी | १२ | " " |
| ६ | बिजुली | | | |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७४*

## ५.९ थोक तथा खुद्रा व्यापार

थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला गाउँपालिका भित्र मात्र नभएर अन्य गाउँपालिका तथा नगरपालिकासँग हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस गाउँपालिकामा हुने गरेको पाइन्छ।

### ५.९.१ निकासी पैठारी स्थिति

गाउँपालिकाबाट बाहिर निकासी हुने वस्तुहरूमा तयारी खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन र दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन्।

### ५.९.२ ढुवानी तथा भण्डार व्यवस्था

गाउँपालिकाभित्र उत्पादित मालसामानहरू गाउँपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधानको रूपमा, ट्रक, ट्याक्टर, रिक्सा, ठेला आदि रहेको छन्। गाउँपालिकाको पक्की सडक नभएका क्षेत्रहरूमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरूपमा रहेको छ। गाउँपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरूमा पुल निर्माण गर्नुपर्ने देखिन्छ।

गाउँपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा राख्ने गर्दछन्। गाउँपालिकाका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.९.३ स्थानीय उत्पादनहरुले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारीसम्बन्धी उत्पादनहरूले अन्य गाउँपालिका तथा भारतीय बजारको प्रतिस्पर्धा गर्नु परिरहेको छ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा, कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट गाउँपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस गाउँपालिका लागि परेको छ। गाउँपालिकामा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र गाउँपालिकामा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ।

### ५.९.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ। व्यापारको प्रकृतिअनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरू व्यापारीहरूले अन्य गाउँपालिकाहरूबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ।

#### (क) कृषि जन्य पदार्थ

गाउँपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य गाउँपालिका तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ।

#### (ख) बनजन्य

वन जंगलमा आधारित कच्चा मालमा साल, सिसौ, खयर र बाँस हो। साल, सिसौका काठहरू गाउँपालिकाका साथै अन्य छिमेकी जिल्लाहरूबाट आयात गर्ने गरेको पाइन्छ। गाउँपालिकामा उत्पादीत बाँसको प्रयोग उद्योगको रूपमा भएको पाइँदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्याधिकरूपमा प्रयोग गरेको पाइन्छ।

### ५.९.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण

कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य गाउँपालिका तथा छिमेकी गाउँपालिकाहरूको बजारको रूपमा सेवा समेत पुऱ्याइरहेका छन्।

## ५.१० अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउबिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भानाहरू रहेको छ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त संम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रूपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरै स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर स्थापना, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकामा भएका नदी नाला तथा ताल/पोखरीमा माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ। माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकामा ओगटेका वन क्षेत्रहरू सालको वन, खयर, सिसौ, पाइन, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ। यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा टेवा पुऱ्याउन सकिने अवस्था छ। कृषि, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो वडाहरूमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त

जमिन र प्यूठान जिल्लाको आकर्षणको केन्द्र यही ऐरावती रहेको हुँदा गाउँपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ ।

गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजार विस्तार गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

गाउँपालिका भित्र र निकटक्षेत्रहरूमा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ। गाउँपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरूबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ ।

गाउँपालिकामा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

## ५.११ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

गाउँपालिकाको अर्थतन्त्रमा वनपैदावर र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रूपमा लिन सकिन्छ। साथै यो गाउँपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रूपमा समेत रहेको छ। अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.१२ बैंकको विवरण

गाउँपालिकामा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरूमा विकास तथा वाणिज्य बैंकहरू मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ। यसबाहेक गाउँपालिकामा संचालित अन्य बैंकहरूले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने गाउँपालिकाबासीहरूसँग रहेको रकमलाई निक्षेपको रूपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् ।

## ५.१३ सहकारी संस्थाको विवरण

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन्। सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।

तालिका नं ४९: सहकारी संस्थाको नामावली

| क्र. सं. | फर्मको नाम | ठेगाना |
|---|---|---|
| १ | पुरन्ठाटी बचत तथा ऋण सहकारी संस्था लि. | बरौला |
| २ | कालीमाटी बचत तथा ऋण सहकारी संस्था लि.. | रस्पुरकोट |
| ३ | बिजुलीकोट बचत तथा ऋण सहकारी संस्था लि. | बिजुली, चिउरापानी |
| ४ | बरौला कृषि सहकारी संस्था लि. | बरौला |
| ५ | हातेमालो सक्रिय महिला कृषि सहकारी संस्था लि. | रस्पुरकोट, सारङबेसी |
| ६ | सुनगाभा कृषि सहकारी संस्था लि. | बरौला |
| ७ | पकला सानाकिसान कृषि सहकारी संस्था लि. | पकला |
| ८ | धुवाङ सानाकिसान कृषि सहकारी संस्था लि. | धुवाङ |
| ९ | युग प्रवाह कृषि सहकारी संस्था लि. | दाङवाङ |
| १० | सफल सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | रस्पुरकोट |
| ११ | जलजल उपभोक्ता सहकारी संस्था लि. | विजुली |

*स्रोत: जिल्ला समन्वय समिति, २०७४*

गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, उपभोक्ता, विद्युत, तरकारी तथा फलफूल, आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारी संस्था ३, कृषि ६, उपभोक्ता १, अन्य १ गरी जम्मा ११ वटा सहकारी संस्थाहरू संचालनमा रहेका छन्।

तालिका नं ५०: सहकारी संस्थाको विवरण

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|
| १ | बचत तथा ऋण | ३ |
| २ | बहुउद्देश्यीय | ० |
| ३ | उपभोक्ता | १ |
| ४ | कृषि | ६ |
| ५ | अन्य | १ |
| | जम्मा | ११ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, २०७२/०७३ (सहकारी खेती प्रोफाइल)*

## ५.१४ संघ संस्था तथा विभिन्न समुहहरू

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना कार्यक्रमहरू संचालन गरिरहेका छन्। यहाँ रहेका सरकारी संस्थाहरू क्रमश गाउँपालिकाको कार्यालय, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्। यसैगरी गैरसरकारी संस्थाहरूमा

महिला सशक्तिकरण (प्रगति समूह), प्रगतिशिल आमा समूह, सम्झना तथा नवज्योति नागरिक सचेतना केन्द्र, नागरिक सचेतना केन्द्र उर्जाबाट गाउँपालिका जनचेतना कार्यक्रमहरू संचालनमा रहेका छन्। यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरू, युवा क्लबहरू, नागरिक समाज र राजनितिक दलहरू रहेका छन्।


तालिका नं ५१: गाउँपालिका क्षेत्रमा क्रियाशील संघ/संस्था को विवरण

| क्र.सं. | संस्थाको नाम | द.नं. | अध्यक्षको नामावली | ठेगाना |
|---|---|---|---|---|
| १ | धर्मावती क्लव, वरौला | ९ | कृष्ण प्रसाद आचार्य | वरौला, ७ प्यूठान |
| २ | दाङ्गवाङ्ग सिंचाई उपभोक्ता समिति, प्यूठान | १३ | तपराज आचार्य | दाङवाङ, १ प्यूठान |
| ३ | कालिमाटी युवा क्लव, रस्पुरकोट | २४ | पृथ्वी बहादुर जि.एम. | रस्पुरकोट, १ प्यूठान |
| ४ | झिमरुक क्षेत्र विकास समुह | २४ | केशवराज आचार्य | वरौला, १ प्यूठान |
| ५ | झिमरुक ग्रामिण विकास संस्था पकला, १ प्यूठान | ३९ | गिर बहादुर वोहरा क्षेत्री | पकला -१ प्यूठान |
| ६ | ग्रामीण वातावरण तथा शसक्तिकरण मञ्च | ५३ | गोविन्द राज पोखेल | रस्पुरकोट -४ प्यूठान |
| ७ | नवज्योति सामुदायिक विकास केन्द्र, रस्पुरकोट | ७५ | मोतिराम पौडेल | रस्पुरकोट - ९ प्यूठान |
| ८ | ग्रामिण विकास तथा अनुसन्धान प्यूठान | ११६ | कासिराज रिजाल | वरौला - ७ प्यूठान |
| ९ | नव शिरिष्ठी ग्रामिण दलित विकास केन्द्र, प्यूठान। | १२५ | लुम बहादुर नेपाली | विजुली - ९ प्यूठान |
| १० | ग्रामिण वातावरण विकास मञ्च , पकला | १५० | नविल विक्रम शाह | पकला - २ प्यूठान |
| ११ | मगर समाज सेवा समिति, सरङ्गवेसी | १६७ | टंक बहादुर मगर | रस्पुरकोट - २ प्यूठान |
| १२ | प्यूठान प्लस विजुवार ६ | १७९ | गोपाल बहादुर भण्डारी | रस्पुरकोट - २ प्यूठान |
| १३ | नेपार राउत समाज सुधार संघ वरौला | १८० | महेन्द्र राउत | वरौला - ९ प्यूठान |
| १४ | ग्रामिण दीगो विकास अभियान पकला २ साधनचौर | १८३ | सुर्य बहादुर खड्का | पकला -२ प्यूठान |
| १५ | युवा भिजन तथा अनुसन्धान संस्था नेपाल विजुली ६ | १९० | दिनेश आचार्य | विजुली, ६ प्यूठान |
| १६ | माताधाइ बृद्धि संरक्षण धाम | ३०३ | कमल शाही | रस्पुरकोट ५ प्यूठान |
| १७ | झिमरुक एकिकृत विकास केन्द्र | २४४ | केशवराज आचार्य | वरौला १ प्यूठान |
| १८ | जिल्ला कफि उत्पादक संघ | २४६ | प्रेम बहादुर साही | पकला ९ प्यूठान |
| १९ | प्यूठान सामुदायिक विकास केन्द्र | २६८ | इन्द्र बहादुर खड्का | विजुली २ प्यूठान |
| २० | झिमरुक सारीवाङ विकास केन्द्र | २७३ | नारायण ज्ञवाली | वरौला ७ प्यूठान |
| २१ | सेभेन स्टार विकास केन्द्र | २९८ | इश्वर बहादुर जि.सी. | वरौला २ प्यूठान |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७१*

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात




नक्सा १५: ऐरावती गाउँपालिकामा रहेको सडक सञ्जाल

### (क) बिद्यमान सडक संञ्जाल :

गाउँपालिकामा साविकका सबै वडाहरूमा कच्ची सडक रहेको छ। गाउँपालिकामा भएका केही सडकमा मात्र नियमित रूपमा यातायात चल्ने गरेको पाइन्छ र केही सडक नियमित रूपमा यातायात नचल्ने अवस्थामा रहेको छन्। गाउँपालिकामा कच्ची सडकहरूको स्तर उन्नती तिव्र रूपमा गर्नुपर्ने देखिन्छ।

### (ख) यातायात सेवा

यस ऐरावती गाउँपालिकाका सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन। गाउँपालिकामा उत्पादित विभिन्न कृषि उपजहरू जस्तै खाद्यान्न, तरकारी, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सवारी साधन चल्ने सडकको सुविधा नभएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन कठिनाई भएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सवारी साधन चल्ने सडकको विस्तार नभएकोले आन्तरिक यातायातको भरपर्दो सुविधा नभएको हुँदा गाउँपालिका बासीहरूलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुऱ्याउन सकिएको छैन। गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। गाउँपालिकामा ट्रेक्टर, जिप, कार, बस, ट्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरूको स्तर उन्नति गर्नुपर्ने देखिन्छ।

तालिका नं ५३: गाउँपालिका स्थित ग्रामीण तथा कृषि सडकहरूको विवरण

| क्र.सं. | सडकको नाम | सडकको कुल लम्बाई कि.मि | ट्र्याक ओपन भै सकेको लम्बाई कि.मि | सवारी साधन |
|---|---|---|---|---|
| १ | वडडाँडा-हंसपुर-ऐरावती- कृषि सडक | १५ | ११ | जिप |
| २ | चेरनेटा-रम्दीकोट-मान्द्रोचौर-ऐरावती | २५ | २ | |
| ३ | वाङ्गेशाल-ऐरावती | १० | ४ | |
| ४ | सालठांटी-चौरपानी-गोठीवाङ्ग-पकला | ८ | ८ | |
| ५ | सालठांटी-विजुली-उदीक | ८ | ८ | जिप |

*स्रोत: जिल्ला प्राविधिक कार्यालय प्यूठान, २०७१*

सडक यातायताको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनीसम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रूपमा विकास गर्नु पर्ने देखिन्छ।

यस गाउँपालिकामा यातायातको साधनको रूपमा जिप प्रयोग भएको देखिन्छ। बाटो सानो तथा कच्ची भएकाले सवारी साधनको रूपमा जिप नै यहाँको प्रमुख यातायातको रूपमा देखिएको छ। ऐरावतीमा जम्मा ४ वटा सडक सञ्जाल छन् जुन तालिकामा उल्लेख गरिएको छ। दिगो पर्यटन विकासका लागि नियमित सवारी

साधनको पहुँच र सडक विस्तारको महत्वपूर्ण भूमिका रहन्छ। अत: गाउँपालिकाको सर्वाङ्गीण विकास एवं दिगो पर्यटन प्रवर्द्धनका लागि बाटोघाटो र यातायातको समुचित विकासका लागि जोड दिनु पर्ने आवश्यकता छ।

त्यसैगरी विभिन्न प्रयोजनको लागि गाउँपालिकावासीलाई गाउँ कार्यपालिकामा धाउने पर्ने हुन्छ। तालिकामा विभिन्न वडाहरूबाट गाउँ कार्यपालिकाको कार्यासम्मको दुरी उल्लेख गरिएको छ।

**तालिका नं ५४:** गाउँपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय

| वडा नं. | वडाकेन्द्र | गाउँपालिका केन्द्र पुग्न लाग्ने समय | सेवा प्राप्त गरी फर्कन लाग्ने समय |
|---|---|---|---|
| १ | दांगबांग | ३ घण्टा | ६ घण्टा |
| २ | बरौंला | ३ घण्टा | ४ घण्टा |
| ३ | पकला | ३ घण्टा | ४ घण्टा |
| ४ | धवाङ | ३ घण्टा | ४ घण्टा |
| ५ | रस्पुरकोट | १ घण्टा | २ घण्टा |
| ६ | बिजुली | १ घण्टा | २ घण्टा |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## ६.२ संचार

सन् १९९० सालसम्म संचार माध्ययमहरू सिमित थिए। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिक मात्रामा बढ्दै गएको छ। ऐरावती गाउँपालिकामा स्थानीयरूपमा कुनै पनि एफ.एम. तथा रेडियो स्टेशन नभए पनि जिल्ला तथा अन्य जिल्लाबाट प्रशारण हुने रेडियोहरू गाउँपालिकाका विभिन्न स्थानमा सुन्न सकिन्छ। गाउँपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको मोबाइल नेटवर्क (जिएसएम तथा सिडिएमए) उपलब्ध छ। यद्यपि गाउँपालिकाका विभिन्न क्षेत्रमा मोबाइलको नेटवर्क सेवा न्यून गुणस्तरको भएकोले मोबाइल नेटवर्क सुधारको खाँचो रहेको छ। इन्टरनेटको सवालमा NTC, NCell को डाटा सेवा (2G तथा 3G) मार्फत सेवा उपलब्ध भइरहेको छ। टेलिभिजनका लागि DTH (DishHome) को सेवा उपलब्ध छ।

### ६.२.१ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँपालिकाका वडाहरूमा नेपाल टेलिकम, एनसेलजस्ता कम्पनीहरूले मोबाइलसेवा उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.२.२ हुलाक सेवा

गाउँपालिकामा सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल विभिन्न वडाहरूमा कार्यरत छन्। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने ऐरावतीदेखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ। यसैगरी गाउँपालिकामा साझा कुरियर, बी.एन.सी कुरियार, कोर्टियर कुरियर, वर्ल्डवाइड कुरियर, सुपर काइनेटिक कुरियर, सहारा कुरियर, कन्ट्याक कुरियर पनि संचालित छन्।

तालिका नं ५७: गाउँपालिकामा हुलाक सेवाको स्थिति

| क्रं. सं. | गा.वि.स.को नाम | हुलाकको किसिम र सेवा | | टेलिसेन्टर छ/छैन | धनादेश छ/छैन | रजिष्ट्रि/पुलिन्दा सेवा छ/छैन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | ईलाका | अतिरिक्त | | | | |
| १ | धुवाङ | | १ | | | रजिष्ट्रि मात्र | |
| २ | रस्पुरकोट | | १ | | | रजिष्ट्रि मात्र | |
| ३ | बरौला | १ | | छ | छ | रजिष्ट्रि+पुलिन्दा दुवै | |
| ४ | बिजुली | | १ | | | रजिष्ट्रि मात्र | |
| ५ | पकला | | १ | | | रजिष्ट्रि मात्र | |
| ६ | दाङबाङ | | १ | | | रजिष्ट्रि मात्र | |

*स्रोत: जिल्ला हुलाक कार्यालय, प्यूठान २०७३*

तालिका नं ५८: हाल सञ्चालित टेलिसेन्टरसम्बन्धी विवरण

| सि.नं. | टेलिसेन्टरको नाम ठेगाना | अवस्थित क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | ई.हु.का., बरौला | ग्रामीण क्षेत्र | |

*स्रोत: जिल्ला हुलाक कार्यालय, प्यूठान २०७३*

## ६.३ विद्युत


### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस ऐरावती गाउँपालिकाका सबै वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नतिजाअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रूपमा रहेको देखिन्छ। गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ३,२८४ (७०.६२ प्रतिशत) रहेको छ। त्यस्तै गाउँपालिकाका कुल घरधुरीको ७२७ (१५.६३ प्रतिशत) ले मट्टितेल, ३० (०.६५ प्रतिशत) ले सोलार र ५(०.११ प्रतिशत) घरधुरीले गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ। त्यस्तै वडागतरूपमा सबैभन्दा बढी विद्युत प्रयोग गर्ने वडा नं. ६ रहेको देखिन्छ। जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं ५९: बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ४३५ | ३२१ | ० | ११ | ७० | १ | ८३८ |
| २ | ५४८ | ११३ | ४ | १६ | २०२ | ० | ८८३ |
| ३ | ४३२ | ९१ | ० | ० | १६७ | २ | ६९२ |
| ४ | ४२७ | २८ | ० | २ | १२२ | १ | ५८० |
| ५ | ६६२ | ६७ | १ | १ | २ | १ | ७३४ |
| ६ | ७८० | १०७ | ० | ० | ३६ | ० | ९२३ |
| जम्मा | ३,२८४ | ७२७ | ५ | ३० | ५९९ | ५ | ४,६५० |
| प्रतिशत | ७०.६२ | १५.६३ | ०.११ | ०.६५ | १२.८८ | ०.११ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




### ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण


२०६८ को जनगणनाअनुसार ऐरावती गाउँपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ४,५८७ (९८.६५ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा गोबर ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ४३ (०.९२ प्रतिशत), एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या १४ (०.३० प्रतिशत) रहेका छन् भने मट्टितेल प्रयोग गर्ने घरधुरी सबैभन्दा कम १ (०.०२ प्रतिशत) रहेको देखिन्छ। वडागत रूपमा सबैभन्दा बढी काठ तथा दाउरा प्रयोग गर्ने वडा नं. ६ मा ९०८ घरधुरी संख्या रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ६०: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| जम्मा | काठ/दाउरा | मटीतेल | एल.पी. ग्याँस | गुइँठा/ठोरहा | गोबरग्यास | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ८३५ | १ | १ | ० | ० | १ | ८३८ |
| २ | ८७६ | ० | २ | ० | ५ | ० | ८८३ |
| ३ | ६८८ | ० | १ | ० | १ | २ | ६९२ |
| ४ | ५६५ | ० | २ | ० | १२ | १ | ५८० |
| ५ | ७१५ | ० | ६ | ० | १२ | १ | ७३४ |
| ६ | ९०८ | ० | २ | ० | १३ | ० | ९२३ |
| जम्मा | ४,५८७ | १ | १४ | ० | ४३ | ५ | ४,६५० |
| प्रतिशत | ९८.६५ | ०.०२ | ०.३० | ०.०० | ०.९२ | ०.११ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

वैकल्पीक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। तराइको क्षेत्र भएकोले गोबरग्यौँसको लागी उपर्युक्त तापक्रम रहेको र पशुहरूबाट प्राप्त गोबरलाई पूर्णरूपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै महिलाहरूको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत नयून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ।



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ। यसै सिलसिलामा यहाँ ऐरावती गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको उच्च भूमिका रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नितिगत रूपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिसुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँपालिकामा आ.व. २०७२/०७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरणअनुसार गाउँपालिकामा सामुदायिक विद्यालयमा ३१ वटा र निजी २ वटा रहेका छन् भने सामुदायीक, निम्नमाध्यामीक विद्यालय ५ वटा रहेका छन्, साथै सामुदायीक माध्यमिक विद्यालय ६ वटा छन्। जिल्लाका अन्य गाउँपालिकाजस्तै यस गाउँपालिकामा पनि प्राविधिक शिक्षामा धेरै सुधार ल्याउनपर्ने देखिन्छ ।

## ७.२ साक्षरता स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रूपमा रहेको शिक्षा क्षेत्रमा ऐरावती गाउँपालिका, यस प्यूठान जिल्लाका अन्य गाउँपालिकाको तुलनामा अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७१.१५ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र झैं धेरै विभेद रहेको पाइयो। जस्तैः यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८२.२६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६३.१५ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.१२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ६१: साक्षरता दर

| | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा** | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | १३६२ | १२८८ | ३९ | ६६ | २७६ | ७१६ | ३ | - | १,६८० | २,०८० | **३,७६०** |
| २ | १२१४ | १३४८ | ४ | ११ | २६२ | ७११ | ० | - | १,४८० | २,०७० | **३,५५०** |
| ३ | ९८८ | ९२८ | १८ | ४४ | २२७ | ६५१ | ० | | १,२३३ | १,६२६ | **२,८५९** |
| ४ | ८९८ | ९२३ | ३ | ० | १२२ | ४९५ | ० | - | १,०२३ | १,४१८ | **२,४४१** |
| ५ | ९२१ | ११०५ | १३ | १७ | १९० | ६२३ | ० | | १,१२४ | १,७४५ | **२,८६९** |
| ६ | १११५ | १३३९ | ११ | १२ | २३३ | ६८६ | ० | - | १,३५९ | २,०३७ | **३,३९६** |
| **जम्मा** | **६,४९८** | **६,९३१** | **८८** | **१५०** | **१,३१०** | **३,८८२** | **३** | - | **७,८९९** | **१०,९७६** | **१८,८७५** |
| **प्रतिशत** | **८२.२६** | **६३.१५** | **१.११** | **१.३७** | **१६.५८** | **३५.३७** | **०.०४** | - | **१००.००** | **१००.००** | |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

ऐरावती गाउँपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. ४ मा ७४.६० प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८७.७८ प्रतिशत र महिला साक्षरता दर ६५.०९ प्रतिशत रहेको छ। त्यस्तै गरि सबैभन्दा कम साक्षरता दर वार्ड नं. ३ मा रहेको छ। जसमा कुल साक्षरता दर ६७.०२ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ८०.१३ प्रतिशत र महिला साक्षरता दर ५७.०७ प्रतिशत रहेको छ। माथिको तथ्यांकलाई हेर्दा यस ऐरावती गाउँपालिका शैक्षिक हिसाबमा देशको अग्र स्थानमा नै रहेको देखिन्छ।





## ७.२.१ शैक्षिक जनशक्तिको विवरण

तालिका नं ६२: शैक्षिक जनशक्तिको विवरण

| | स्कुल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सो भन्दा माथि | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५३६ | ३७१५ | १२५५ | ५६७ | ३३९ | १२१ | ५६ | १२ | ५ | ३०१ | २८ | **६,९३५** |
| महिला | ५२४ | ३७५३ | १५४७ | ४६९ | ३९८ | ११६ | १६ | ० | १ | ४८७ | ३७ | **७,३४८** |
| जम्मा | १,०६० | ७,४६८ | २,८०२ | १,०३६ | ७३७ | २३७ | ७२ | १२ | ६ | ७८८ | ६५ | १४,२८३ |
| प्रतिशत | ७.४२ | ५२.२९ | १९.६२ | ७.२५ | ५.१६ | १.६६ | ०.५० | ०.०८ | ०.०४ | ५.५२ | ०.४६ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

यस तालिकामा ऐरावती गाउँपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा १,०६० (७.४२ प्रतिशत) जना स्कुल नगएका, ७,४६८ (५२.२९ प्रतिशत) प्राथमिक तह, २,८०२ (१९.६२ प्रतिशत) नि.मा.वि. तह, १,०३६(७.२५ प्रतिशत) मा.वि. तह, ७३७ (५.१६ प्रतिशत) एस.एल.सी. तह, २३७ (१.६६प्रतिशत) प्रमाणपत्र तह, ७२ (०.५० प्रतिशत) स्नातक तह, १२ (०.०८ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं ६३: विषयगत शैक्षिक जनशक्तिको विवरण

| | मानविकी र कला | व्यपार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | इन्जिनियरिङ्ग र उत्पादन तथा निर्माण | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषि, वन र मत्स्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | २९ | ९ | ४४ | ५ | २ | १ | १ | १ | १ | २ | ६ | १०० |
| प्रतिशत | २८.९७ | ९.०३ | ४४.२४ | ४.६७ | १.५६ | ०.६२ | ०.९३ | ०.९३ | १.२५ | १.८७ | ५.९२ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी शिक्षा विषय लिएर पढ्नेको संख्या ४४ (४४.२४ प्रतिशत) रहेको छ भने दोस्रोमा मानविकी र कला विषय लिएर पढ्नेको जनसंख्या २९ (२८.९७ प्रतिशत), तेस्रो स्थानमा व्यापार र प्रशासन विषय लिएर पढ्नेको संख्या ९ (९.०३ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं ६४: उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| पूर्व प्रा.वि. .नर्सरी, (किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | २,०२७ | २,११० | ४,१३७ | २,०१० | २,०६५ | ४,०७५ | ९८.५० |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | २१ | २५ | ४६ | २१ | २३ | ४४ | ९५.६५ |
| उच्च मा.वि. (Higher Secondary School) जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | १ | २ | ३ | १ | २ | ३ | १००.०० |
| जम्मा | | २,०४९ | २,१३७ | ४,१८६ | २,०३२ | २,०९० | ४,१२२ | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस तालिकामा स्कुल जाने उमेर समुहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ९८.५० प्रतिशत स्कुल गएको देखिन्छ भने १.५ प्रतिशत स्कुल गएको देखिदैन त्यस्ते १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको ९५.६५ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने ४.३५ प्रतिशत स्कुल गएको देखिदैन। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

### (क) शैक्षिक पूर्वाधार तथा सेवा

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि

भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छऐरावती गाउँपालिकामा प्रा.वि, नि.मावि र मावि गरेर हाल जम्मा ४४ वटा शिक्षण संस्थाहरू सञ्चालन भइरहेका छन्। गाउँपालिकामा भएका शिक्षण संस्थाहरूको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ६५:** गाउँपालिकामा सञ्चालनमा भई आएका शिक्षण संस्थाहरूको विस्तृत विवरण

| सि.नं. | विद्यालयको नाम | प्रकार | तह | ठेगाना |
|---|---|---|---|---|
| १ | जन कल्याण नि.मावि | सामुदायिक | आधारभूत | बरौला |
| २ | माण्डवी प्रा.वि | सामुदायिक | प्राथमिक | बरौला |
| ३ | मोती उच्च मावि | सामुदायिक | माध्यमिक | बरौला |
| ४ | नव प्रतिभा प्रा.वि | सामुदायिक | प्राथमिक | बरौला |
| ५ | रत्नेश्वरी प्रा.वि | सामुदायिक | प्राथमिक | बरौला |
| ६ | सरस्वती प्रा.वि | सामुदायिक | प्राथमिक | बरौला |
| ७ | सूर्यमुखी प्रा.वि | सामुदायिक | प्राथमिक | बरौला |
| ८ | ऐरावती प्रा.वि | सामुदायिक | प्राथमिक | बरौला |
| ९ | युवावर्ष प्रा.वि | सामुदायिक | प्राथमिक | बरौला |
| १० | भगवती प्रा.वि | सामुदायिक | प्राथमिक | विजुली |
| ११ | जन प्रिया प्रा.वि बाँसडाँडा | सामुदायिक | प्राथमिक | विजुली |
| १२ | जन प्रिया प्रा.वि हात्तीपाइला | सामुदायिक | प्राथमिक | विजुली |
| १३ | जनता मावि | सामुदायिक | माध्यमिक | विजुली |
| १४ | पोखरा चौर प्रा.वि | सामुदायिक | प्राथमिक | विजुली |
| १५ | शान्ति प्रा.वि | सामुदायिक | प्राथमिक | विजुली |
| १६ | बाल कल्याण प्रा.वि बेलबोट | सामुदायिक | प्राथमिक | दाङवाङ |
| १७ | बाल किरन प्रा.वि कोलबोट | सामुदायिक | प्राथमिक | दाङवाङ |
| १८ | बाली किरण प्रा.वि सलीयाकोट | सामुदायिक | प्राथमिक | दाङवाङ |
| १९ | बाल शिक्षा नि.मावि | सामुदायिक | आधारभूत | दाङवाङ |
| २० | दाङवाङ मा.वि | सामुदायिक | माध्यमिक | दाङवाङ |
| २१ | धर्मवती प्रा.वि | सामुदायिक | प्राथमिक | दाङवाङ |
| २२ | जन प्रिय प्रा.वि | सामुदायिक | प्राथमिक | दाङवाङ |
| २३ | जनता प्रा.वि | सामुदायिक | प्राथमिक | दाङवाङ |
| २४ | पालु सिद्धि प्रा.वि अमिलि | सामुदायिक | प्राथमिक | दाङवाङ |
| २५ | पालु सिद्धि प्रा.वि सीर्सनी | सामुदायिक | प्राथमिक | दाङवाङ |
| २६ | बाल शिक्षा प्रा.वि | सामुदायिक | प्राथमिक | धुवाङ |

| | | | | |
|---|---|---|---|---|
| २७ | जन कल्याण नि.मावि | सामुदायिक | आधारभूत | धुवाङ |
| २८ | कालीका प्रा.वि | सामुदायिक | प्राथमिक | धुवाङ |
| २९ | पद्मोदय मा.वि | सामुदायिक | माध्यमिक | धुवाङ |
| ३० | राइसिङ फ्युचर एकेडेमी | संस्थागत | प्राथमिक | धुवाङ |
| ३१ | समाज कल्याण प्रा.वि | सामुदायिक | प्राथमिक | धुवाङ |
| ३२ | सोनवांगे इ.बि.एस | संस्थागत | प्राथमिक | धुवाङ |
| ३३ | बाल विकास प्रा.वि | सामुदायिक | प्राथमिक | पकला |
| ३४ | भुवनेश्वरी प्रा.वि | सामुदायिक | आधारभूत | पकला |
| ३५ | धर्मोदय मावि | सामुदायिक | माध्यमिक | पकला |
| ३६ | ध्रुव प्रा.वि | सामुदायिक | प्राथमिक | पकला |
| ३७ | गनेश प्रा.वि | सामुदायिक | प्राथमिक | पकला |
| ३८ | नेत्र ज्योती प्रा.वि | सामुदायिक | प्राथमिक | पकला |
| ३९ | पतेश्वरी प्रा.वि | सामुदायिक | प्राथमिक | पकला |
| ४० | शिषु कल्याण नि.मावि | सामुदायिक | आधारभूत | पकला |
| ४१ | अमरज्योति प्रा.वि | सामुदायिक | प्राथमिक | रस्पुरकोट |
| ४२ | बाल सुधार घनामिना प्रा.वि | सामुदायिक | प्राथमिक | रस्पुरकोट |
| ४३ | बाल सुधार प्रा.वि | सामुदायिक | प्राथमिक | रस्पुरकोट |
| ४४ | महेन्द्र मावि | सामुदायिक | माध्यमिक | रस्पुरकोट |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७३*

**तालिका नं ६६:** गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

| संचालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| **प्रा.वि. तह संचालन (१-५)** | ३१ | २ | ३३ |
| **नि.मा.वि. तह संचालन (१-८)** | ५ | ० | ५ |
| **मावि तह संचालन (१-१०)** | ६ | ० | ६ |
| **उमावि तह संचालन (१-१२)** | ० | ० | ० |
| **जम्मा** | ४२ | २ | ४४ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७३*

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँपालिकामा आ.व. २०७२/७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। गाउँपालिकामा पठनपाठनका लागि प्रा.वि सङ्ख्या ३३, नि.मा.वि. ५, मा.वि ६, उ.मा.वि ० गरी जम्मा ४४ वटा शिक्षण संस्थाहरू रहेका छन्। यसमा निजी क्षेत्रले पनि केही योगदान पुऱ्याउँदै आएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ६७: ऐरावती गाउँपालिकामा शिक्षण पेशामा संलग्न स्थायी तथा अस्थायी शिक्षक/शिक्षिकाको विवरण

| लिङ्ग | स्थायी | अस्थायी | जम्मा |
|---|---|---|---|
| पुरुष | ७० | ३८ | १०८ |
| महिला | १८ | ३२ | ५० |
| जम्मा | ८८ | ७० | १५८ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, प्यूठान २०७३*

यस गाउँपालिकामा पुरुष स्थायी शिक्षक ७० जना छन् र महिला स्थायी शिक्षक १८ जना छन्। पुरुष अस्थायी शिक्षक ३८ जना र महिला अस्थायी शिक्षक ३२ जना रहेका छन्। गाउँपालिकामा कुल शिक्षक पुरुषमा स्थायी र अस्थायी समेटेर १०८ जना  छन् भने कूल रहेका महिला स्थायी र अस्थायी शिक्षक ५० जना छन्। तथ्यांकले गाउँपीलकामा शिक्षण पेशामा महिलाको संलग्नता पुरुषको भन्दा धरै कम रहेको देखाइएको छ जुन तालिकामा उल्लेख गरिएको छ।

### ७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरू प्रथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रूपमा देखिएको छ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ।
- ✓ **दलित, आदिवासी जनजाती भर्ना न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्ना न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रूपमा रहेको छ।
- ✓ **दलित, आदिवासी विद्यालय छाड्ने दर :**गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो।
- ✓ **विद्यालयहरू आर्थिक रूपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ। दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ।
- ✓ **अभिभावकहरू चनाखो नहुनु :** बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ।
- ✓ **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दीअनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ। यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालिन शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन। एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहनु

अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन।

- ✓ **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ। राजनीतिक पार्टीहरूको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ। यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रूपमा प्रयोग गर्दै आएको देखिएको छ।
- ✓ **शिक्षकहरूमा प्रतिबद्धताको कमी :** शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रूपमा देखा परेको छ। प्राय: पठन-पाठन समयमा सम्पन्न नहुनु समेत मुख्य समस्याको रूपमा देखिएको छ।
- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनुले पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ। प्राय: धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन्।

## ७.३ स्वास्थ्य

राजनैतिक रूपमा ६ वडाहरूमा विभाजित यस गाउँपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छैनन्। प्यूठान जिल्लामा रहेको यस गाउँपालिकामा अस्पताल एउटा पनि छैन। गाउँपालिकामा २ वटा स्वास्थ्य चौकी तथा २ उप-स्वास्थ चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ। खासगरी समुदायमा प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा गाउँपालिकाभरि ४७ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत रहेका छन्। यी स्वयंसेविकाहरूको सेवा उदाहरणीय रहेको देखिन्छ।

**तालिका नं ६८:** गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूको स्थिति

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | स्वीकृती दरबन्दी | पदपुर्ती संख्या |
|---|---|---|---|---|
| १ | बरौला स्वास्थ्य चौकी | बरौला | ५ | ४ |
| २ | धुवाङ स्वास्थ्य चौकी | दाङवाङ | ५ | २ |
| ३ | दाङवाङ उपस्वास्थ्य चौकी | पकला | ५ | ३ |
| ४ | पकला उपस्वास्थ्य चौकी | धुवाङ | ५ | २ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यलिय, २०७३ प्यूठान*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षणअनुसार गाउँपालिकाका केही सिमित वर्गले मात्र गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी

निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्तिअनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रूपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरतासम्बन्धी बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरीसम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्थाजस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दीअनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरू उपलब्ध हुन सकेको छैन। अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

गाउँपालिकाका विभिन्न वडाहरूमा स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौंकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रूपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

सन् १९९० देखि पहाडी जिल्लामा जम्मा ३०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधानअनुसार यस गाउँपालिकामा ४७ जना कार्यरत रहेका छन्। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीतिअनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ७.३.३ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरूमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रूपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखाजस्ता अन्य सेवाहरू स्वास्थ्य चौकी र उप स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रूपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.४ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिनासम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रूपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार ऐरावती गाउँपालिकामा पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.३.५ परिवार नियोजन

बच्चा जन्माउँदा हुने फाइदाका बारेमा बिभिन्न संघ संस्थाहरूबाट गरिएको अध्ययन अनुसन्धानबाट परिवार नियोजनले आमा, बच्चा र नवजातशिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ। साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृति विकास गर्नको लागि सहयोग पुर्‍याउँछ। त्यसकारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रम लाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरू महिला स्वास्थ्य स्वयंसेवीकाद्वारा सेवा पुर्‍याउँदै आएको छ। परिवार नियोजनसम्बन्धी अस्थायी विधिहरू तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ६९:** परिवार नियोजनको अस्थायी विधि

| साविकका गा.वि.स. | डब्लु.आर.ए. | कन्डम वितरण | सि.वाइ.पि | नयाँ प्रयोगकर्ता | | | | | | हालको प्रयोगकर्ता | | | | सि.पि.आर. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पिल्स | डिपो | आई.यु.सि.डी. | इम्प्लान्ट | जम्मा | % जम्मा | पिल्स | डिपो | आई.यु.सि.डी. | इम्प्लान्ट | |
| बरौला | १३८९ | १९१७० | १२८ | ० | ६२ | ४ | २३ | ८९ | ६.४ | २८ | ९१ | ६ | १०३ | २५.६२ |
| विजुली | १४०२ | १७६२४ | ११७ | ० | २३ | ० | ० | २३ | १.६ | २०४ | ९० | ० | ७ | २९.८५ |
| दाङवाङ | १३७२ | १४९१० | ९९ | १ | ४७ | ० | ० | ४८ | ३.५ | २४ | ७१ | ० | ११६ | २२.६२ |
| धुवाङ | ११७४ | ९३०० | ६२ | २ | ३८ | ० | २ | ४२ | ३.६ | २५ | ३२ | ० | ८४ | १७.२९ |
| पकला | १५१८ | ११५०० | ७७ | ५ | १०८ | ० | ० | ११३ | ७.४ | ४२ | १३१ | ० | ६२ | २०.५३ |
| रस्पुरकोट | ११७० | १०३६३ | ६९ | २ | ३८ | ० | १८ | ५८ | ५.० | १४७ | ९३ | ० | २१ | २८.२१ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

### ७.३.६ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदादेखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि

गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रूपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

**तालिका नं ७०:** सुरक्षित मातृत्वको अवस्थाको विवरण

| साविकका गा.वि.स. | इ.एल.वि | पहिलो पटक कुनै पनि समयमा ANC चेकअप गरेको गर्भवती महिलाको संख्या | प्रोटोकलअनुसार पहिलो पटक ANC चेकअप गरेको गर्भवती महिलाको संख्या | चार पटक ANCजाँच गरेको गर्भवती महिलाको संख्या | चार पटक ANCजाँच गरेको गर्भवती महिलाको संख्या प्रतिशतमा | दक्ष सूँडेनीबाट प्रसूती गरेको संख्यामा | | | | सूँडेनीबाट प्रसूती गरेको संख्यामा | | | | स्वास्थ्य संस्थामा प्रसूती गरेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्वास्थ्य चौकी | घरमा | जम्मा | जम्मा % | स्वास्थ्य चौकी | घरमा | जम्मा | जम्मा % | |
| बरौला | १०४ | १२३ | १०७ | ८१ | ७८ | ७५ | ० | ७५ | ७२ | ० | ० | ० | ० | ७५ |
| विजुली | १०९ | ४६ | ३३ | ४५ | ४१ | २२ | ० | २२ | २० | ० | ० | ० | ० | २२ |
| दाङवाङ | १०५ | १०० | ७५ | ५८ | ५५ | ४ | ० | ४ | ४ | ० | ० | ० | ० | ४ |
| धुवाङ | ८९ | ७६ | ५३ | ४० | ४५ | ३० | ४ | ३४ | ३८ | ० | ० | ० | ० | ३० |
| पकला | ११९ | ३७ | ७० | ५० | ४२ | ४४ | ० | ४४ | ३७ | ० | ० | ० | ० | ४४ |
| रस्पुरकोट | ९० | ३३ | २६ | ३७ | ४१ | ११ | ० | ११ | १२ | ० | ० | ० | ० | ११ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

## ७.३.७ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन्। यसको लागि यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यक छ। बालक अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ। बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रामा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रूपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रूपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

तालिका नं ७१: खोपको विवरण

| साविकका गा.वि.स. | १ वर्ष भन्दा मुनीको संख्या | इ.एल.वि | बि.सि.जि. | % बि.सि.जि. | डि.पि.टि.-हेप बि.-हिब -1 | % डि.पि.टि.-हेप बि.-हिब 1 | डि.पि.टि.-हेप बि.-हिब -3 | % डि.पि.टि.-हेप बि.-हिब -3 | ओ.पि.भी.-3 | पि.सि.भि -3 | IPV (पोलियो) | एम.आर | टिडी 2 | टिडी 2+ | बिचमा खोप छोडनेको दर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | बि.सि.जी (Vs) मिसल्स | डि.पि.टि.-हेप बि.-हिब 1 (Vs) डि.पि.टि.-हेप बि.-हिब -3 |
| बरौला | १०८ | १०४ | १०१ | ९४ | १०८ | १०० | १०८ | १०० | ७९ | १७ | १०८ | ८६ | ५३ | ५७ | १५ | ० |
| विजुली | ७७ | १०९ | ५९ | ७७ | ७४ | ९६ | ७३ | ९५ | ५९ | ५४ | ७३ | ५५ | २८ | ५० | ७ | १ |
| दाङवाङ | ११४ | १०५ | ६२ | ५४ | ८८ | ७७ | ७६ | ६७ | ६२ | २४ | ६५ | ६८ | ४१ | ६२ | -१० | १४ |
| धुवाङ | ८१ | ८९ | ८९ | ११० | १०२ | १२६ | १०७ | १३२ | ६६ | १९ | ९६ | ६९ | ५९ | ६४ | २२ | -५ |
| पकला | १२३ | ११९ | १२२ | ९९ | १३३ | १०८ | १२४ | १०१ | ८९ | २८ | १२४ | ११५ | ४७ | ७८ | ६ | ७ |
| रस्पुरकोट | ६८ | ९० | ५० | ७४ | ६० | ८८ | ५७ | ८४ | ५० | ३२ | ५५ | ६० | १६ | ३० | -२० | ५ |

*श्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

### ७.३.८ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रूपमा श्वासप्रश्वाससम्बन्धी रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.९ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सुन २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेक्षण्सँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.३.१० बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रूपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रूपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकारसम्बन्धी महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट संरक्षण खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य संम्प्रभुतालाई मौलिक हकका रूपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक बिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको

एक महत्वपूर्ण हिस्सा हुन आउँछ। ऐरावती गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

**तालिका नं ७२:** बालपोषणसम्बन्धी विवरण

| साविकका गा.वि.स. | <2 yrs. | <5 yrs. | 6-59 m | इ.एल.बी. | ०-११ महिना सम्मको नयाँ शिशुहरूको वृद्धि ख्नुगमन | % ०-११ महिना सम्मको नयां शिशुहरूको वृद्धि अनुगमन | 12 - 23 महिनाका नयाँ शिशुहरूको वृद्धि ख्नुगमन | % 12 - 23 महिनाका नयाँ शिशुहरूको वृद्धि ख्नुगमन | पुनः वृद्धि ख्नुगमन | औषत वृद्धि ख्नुगमन (नयाँ शिशुहरूको) | जम्मा वृद्धि ख्नुगमन(नयाँ शिशुहरूको) | % जँम्मा वृद्धि ख्नुगमन(नयाँ शिशुहरूको) | Malnourished children | Proportion of malnourished children as % of new GM |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बरौला | २०४ | ४५२ | ३९८ | १०४ | १०६ | ५२ | ३९ | १९ | ६६९ | ५ | १४५ | ७१ | २ | १ |
| विजुली | १५४ | ३८० | ३४२ | १०९ | ६९ | ४५ | २५ | १६ | ४३९ | ५ | ९४ | ६१ | ० | ० |
| दाङवाङ | २२१ | ५१६ | ४६० | १०५ | ११० | ५० | ८४ | ३८ | ३०७ | २ | १९४ | ८८ | २ | १ |
| धुवाङ | १५९ | ३८३ | ३४२ | ८९ | ६८ | ४३ | ३५ | २२ | ४४७ | ४ | १०३ | ६५ | ० | ० |
| पकला | २३३ | ५१५ | ४५४ | ११९ | ११७ | ५० | २८ | १२ | ५३० | ४ | १४५ | ६२ | ३ | २ |
| रस्पुरकोट | १३२ | ३०९ | २७५ | ९० | १०८ | ८२ | ५५ | ४२ | २२६ | १ | १६३ | १२३ | ४ | २ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान २०७३*

## ७.४ खेलकुद तथा खुला/पार्क क्षेत्र

खेलकुदको क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेलअनुशासन र खेलकुद विकासलाई बल पुर्‍याउन सकिन्छ भन्ने मान्यताअनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि गाउँपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिन्छ। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुर्‍याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता

देखिएको छ। हालका दिनहरूमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, व्याडमिन्टनजस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रूपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ। गाउँपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी गाउँपालिकाबासीहरूलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू पनि तयार पारेका छन्। गाउँपालिकामा भएको खेलकुद तथा खुला/पार्क क्षेत्रको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ७३:** खेलकुद तथा खुला पार्क क्षेत्रको विवरण

| खुला क्षेत्र | | | | |
|---|---|---|---|---|
| क्र.सं. | साविक गाविस को नाम | स्थान | क्षेत्रफल (बर्ग कि.मी.) | कैफियत |
| १ | दाङवाङ | | | प्रयाप्त मात्रामा भएको |
| २ | बरौंला | | | " " |
| ३ | पकला | वडा नं. ५ | २० | " " |
| ४ | धुवांग | वडा नं. १,२,३ र ६ | ३०० | " " |
| ५ | रस्पुरकोट | बुढाखर्क | २ रोपनी | " " |
| ६ | बिजुली | | | " " |

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७३*

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजाअनुसार यस ऐरावती गाउँपालिकामा, ७० वर्ष उमेर नाघेका ३.२२ प्रतिशत ( ७२२ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था कमजोर रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई तहसनहस पार्ने खतरा बढ्दै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको जनसंख्या २.९८ प्रतिशत (६६७ जना) , ६५-६९ वर्षका जनसंख्या २.१५ प्रतिशत (२२३ जना) रहेको छ। थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम संचालन गरेको छैन। र यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा जिवित यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पिंढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिलासम्बन्धी विवरण

गर्भवती महिलाहरूको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरूमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगीजस्ता कार्यक्रम ल्याई महिलाहरूका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रूपमा सबल बनाउनु पर्ने देखिन्छ। आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँपालिका विकासमा महिलाहरूको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिलासम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ। महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरूमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरू सञ्चालन गरि समावेशी अवधारणा अनुरूप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ।

### ७.६.२ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रूपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरू बालश्रमिकका रूपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनुदेखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रममा नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रूपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेरसम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

ऐरावती गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रूपमा विकसित गर्नका लागि सबै वडाहरूमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रूपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। गाउँपालिका क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र गाउँपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने

व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित खोपको सुनिश्चित गरी पूर्ण खोपयुक्त गाउँपालिकाको रूपमा पनि अगाडि बढाउने उद्देश्य राखिएको छ।

### ७.६.३ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका

केन्द्रीय बालकल्याण समितिले विभिन्न ४६ जिल्लामा गरेको अध्ययनअनुसार २४ जिल्लामा संस्थागतरूपमा द्वन्द्व प्रभावित बालबालिका रहेको पाइयो। ७४६ जनामा १२१ परिवार विहिन, बाबुमात्र भएका २६ जना बालबालिका, आमामात्रै भएका ४३६ जना र दुबै भएका १६३ बालबालिका छन्। सबैभन्दा बढी ४१६ जना र त्यसपछि काठमाडौंमा ९८ जना बालबालिका संस्थागत स्यहारामा रहेको छन्। उक्त बालबालिकाको अवस्थामा हेर्ने हो भने बालबालिकालाई संस्थागत स्याहारमा राख्नु अन्तिम विकल्पका रूपमा लिने गरेकोमा ती बालबालिकालाई बैकल्पिक स्याहार र सुरक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ।

### ७.६.४ बालसंरक्षण तथा संबर्द्धन समिति

बालबालिकाको जीवन रक्षा, संरक्षण, सहभागिता र विकाससम्बन्धी विभिन्न कार्यक्रम सरकारी र गैरसरकारी निकायका साझेदार संस्थाहरूको सहकार्यमा संचालन गर्न बाञ्छनिय भएकोले त्यस्ता कार्यक्रमलाई निर्देशित र नियमन गर्न नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल अधिकार संरक्षण र संबर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ जारी गरि लागु गरेको छ।

सोही जारी निर्देशिकाअनुसार पचहत्तरै जिल्लामा बालअधिकार संरक्षणार्थ विभिन्न संरचनाहरू गठन भई कार्यक्रमहरू लागु भएको देखिन्छ।

### ७.६.५ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रूपमा बालबालिकाहरू क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितीगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका निति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरूपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालाय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलनसम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।


## ७.७ अपाङ्गताको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार ऐरावती गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या २.२७ प्रतिशत (५०९ जना) रहेको छ। जसमा शारिरीक अपाङ्गता भएका १६७ (३२.८१ प्रतिशत), दृष्टिसम्बन्धी अपाङ्गता भएका ९४ (१८.४७ प्रतिशत),श्रवणसम्बन्धी अपाङ्गता भएका १०१ जना (१९.८४ प्रतिशत) भने स्वर बोलाईसम्बन्धी समस्या भएका ४६ जना (९.०४ प्रतिशत) देखिन्छन् र बौद्धिक अपाङ्गता भएका ८जना (१.५७ प्रतिशत) रहेको देखिन्छ। साथै मानसिक अपाङ्गता ३८ जना (७.४७ प्रतिशत) र बहु अपाङ्गता ५५ (१०.८१ प्रतिशत) रहेका छन्। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणनाअनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइसम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

**तालिका नं ७४:** अपाङ्गताको विवरण

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टीसम्बन्धी अपाङ्गता | श्रवणसम्बन्धी अपाङ्गता | स्वरबोलाईसम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | १०३ | ५५ | ४८ | २५ | १५ | ५ | २६ | २७७ |
| **महिला** | ६४ | ३९ | ५३ | २१ | २३ | ३ | २९ | २३२ |
| **जम्मा** | १६७ | ९४ | १०१ | ४६ | ३८ | ८ | ५५ | ५०९ |
| **प्रतिशत** | ३२.८१ | १८.४७ | १९.८४ | ९.०४ | ७.४७ | १.५७ | १०.८१ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*




## ७.८ सामाजिक सुरक्षा भत्ता

गाउँपालिकामा २०७१ सालभरि सामाजिक सुरक्षा भक्ता पाउनेहरूको संख्या तालिकामा दर्शाइएको छ। भत्ता पाउनेहरूमा जेष्ठ नागरिक ५५६ जना, दलित जेष्ठ नागरिक ३०३ जना, असहाय ३५४ जना, एकल/विधवा महिला ४९१ जना, अपाङ्ग (पूर्ण र आंशिक) ७० जना र तथा ५ वर्ष मुनिका दलित बालबालिका ८७१ जना रहेका छन्।

तालिका नं ७५: सामाजिक सुरक्षा भत्ता पाएका व्यक्तिहरूको विवरण

| स्थान | जेष्ठ अन्य | दलित जेष्ठ | असाहाय | एकल/विधवा महिला | अपाङ्ग | | ५ वर्ष मुनिका दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्ण | आंशिक | | |
| बरौला | ९० | ६१ | ७० | १५८ | १० | २४ | १५० | ५६३ |
| विजुली | १२८ | ७६ | ४० | ७१ | ४ | १३ | १०१ | ४३३ |
| दाङवाङ | ११२ | ३६ | ३१ | ४१ | २ | ० | ११४ | ३३६ |
| धुवाङ | ५४ | २३ | ८३ | ८५ | ५ | ४ | ३७ | २९१ |
| पकला | ११५ | ६९ | ४८ | ७१ | २ | ४ | ३६३ | ६७२ |
| रस्पुरकोट | ५७ | ३८ | ८२ | ६५ | १ | १ | १०६ | ३५० |
| जम्मा | ५५६ | ३०३ | ३५४ | ४९१ | २४ | ४६ | ८७१ | २६४५ |

(नोट : माथिको तालिकामा रस्पुरकोट र धुवाङका केही वडाहरू नयाँ संरचनाअनुसार अरुनै गाउँपालिकामा विभाजन भएका छन्)

*स्रोत: जिल्ला समन्वय समिति, प्यूठान २०७१*

## ७.९ खानेपानी तथा सरसफाई


### ७.९.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं ७६: परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| पानीको श्रोत | धारा/ पाइप | ट्युबवेल /हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | ३,०७५ | ७ | ६१ | ५७१ | ७५४ | १६७ | १० | ५ | **४,६५०** |
| प्रतिशत | ६६.१३ | ०.१५ | १.३१ | १२.२८ | १६.२२ | ३.५९ | ०.२२ | ०.११ | **१००** |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

ऐरावती गाउँपालिकाको सबैभन्दा बढी परिवारले धारा/पाइप प्रयोग गरेको पाइएको छ। गाउँपालिकामा धारा/पाइप प्रयोगगर्ने घरधुरी संख्या ३,०७५ (६६.१३ प्रतिशत), मूल धाराको प्रयोग गर्ने घरधुरी संख्या ७५४ ( १६.२२प्रतिशत), तेस्रोमा खुला इनार तथा कुवाको प्रयोग गर्ने घरधुरी ५७१ (१२.२८ प्रतिशत) रहेको छ। गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



### ७.९.२ खानेपानीको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका विभिन्न वडाहरूका घरधुरीहरूले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको सबै वडाहरूमा सबैभन्दा बढी धारा तथा पाइपको प्रयोग गरेको देखिन्छ। दोस्रो ठूलो स्रोतको रूपमा मूल धारा प्रयोग गरेको देखिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ

तालिका नं ७७: खानेपानीको विवरण

| वडा | धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५३५ | १ | २२ | ६० | १८३ | ३६ | ० | १ | ८३८ |
| २ | ५१४ | ० | ४ | ६० | २८२ | २३ | ० | ० | ८८३ |
| ३ | ३०२ | ० | १० | १९६ | १५४ | २८ | ० | २ | ६९२ |
| ४ | ४०३ | १ | ० | ११८ | १५ | ३३ | ९ | १ | ५८० |
| ५ | ६७७ | १ | १ | २२ | २ | ३० | ० | १ | ७३४ |
| ६ | ६४४ | ४ | २४ | ११५ | ११८ | १७ | १ | ० | ९२३ |
| जम्मा | ३,०७५ | ७ | ६१ | ५७१ | ७५४ | १६७ | १० | ५ | ४,६५० |
| प्रतिशत | ६६.१३ | ०.१५ | १.३१ | १२.२८ | १६.२२ | ३.५९ | ०.२२ | ०.११ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

### ७.९.३ शौचालयको विवरण


तालिका नं ७८: शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | १९ | १९५४ | १६७८ | ९९५ | ४ | ४,६५० |
| प्रतिशत | ०.४१ | ४२.०२ | ३६.०९ | २१.४० | ०.०९ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा ऐरावती गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। सबैभन्दा धैरै फ्लस भएको (सेप्टि ट्याङ्की) आधुनिक शौचालय प्रयोग गर्नेको परिवार १,९५४ ( ४२.०१प्रतिशत) रहेको छ। दोस्रोमा साधारण शौचालयको प्रयोग गर्नेको संख्या १,६७८ (३६.०९ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या १९ (०.४१ प्रतिशत) देखिएको छ।

यसैगरी धेरैजसो घरमा शौचालय नभएको पनि पाइएको छ जुन जम्मा घरपरिवार संख्याको २१.४० प्रतिशत आर्थात ९९५ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### ७.९.४ वडागत शौचालयको संख्याको विवरण

**तालिका नं ७९:** वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १ | २४४ | ५०८ | ८४ | १ | ८३८ |
| २ | ११ | २९० | ४५८ | १२४ | ० | ८८३ |
| ३ | १ | ३५२ | ३१५ | २३ | १ | ६९२ |
| ४ | ३ | २११ | १०० | २६५ | १ | ५८० |
| ५ | ३ | ५२४ | १०५ | १०१ | १ | ७३४ |
| ६ | ० | ३३३ | १९२ | ३९८ | ० | ९२३ |
| जम्मा | १९ | १,९५४ | १,६७८ | ९९५ | ४ | ४,६५० |
| प्रतिशत | ०.४०८६ | ४२.०२२ | ३६.०९ | २१.४ | ०.०८६ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार गाउँपालिकाका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा वडा नं.३, ५ र ६ मा सबैभन्दा बढी फ्लस भएको (सेफिट ट्याङ्की) प्रयोग गरेको पाईयो भने दोस्रोमा साधारण चर्पीको प्रयोग वडा नं. १ र २ मा धेरै भएको देखिन्छ भने बाँकी सबै वडाहरूमा शौचालय प्रयोग नगर्नेको परिवार संख्या बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.१० फोहोर मैला व्यवस्थापन

गाउँपालिकालाई सधैँ सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्ने क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा कैयौ पटक अभियानको रूपमा संचालन भएको पाइन्छ। यसबाट आम गाउँपालिकाबासीहरूमा व्यापक रूपमा सरसफाई जागरणको लहर फैलिएको छ। ऐरावती गाउँपालिकामा फोहोरमैला व्यवस्थापन एवं पूर्वाधार विकास तर्फ सतह ढल निर्माण, ठोस र तरल फोहोर व्यवस्थापनका लागि कार्ययोजना तयार गरी लाग्ने खर्च रकम छुट्याएको छ। फोहोरमैला व्यवस्थापनका लागि थप उपकरणहरूको व्यवस्थापन गर्न अझैं लाग्नु पर्ने देखिन्छ।

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

ऐरावती गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले यद्यपि सम्पन्न गाउँपालिको श्रेणीमा पर्दछ। प्यूठान जिल्लाको यस ऐरावती गाउँपालिकामा कुल क्षेत्रफल १५६.७५ वर्ग कि.मि. मध्ये ६२.८१ प्रतिशत वन क्षेत्रको रूपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रूपमा रहेको छ।

यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, सलिका, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, वनसुन्तला, नेवारो, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

ऐरावती गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरूपमा राख्न, वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरूपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातावरणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावरको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वनजस्ता अवधारणाहरूलाई व्यवहारमा लागु

गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस गाउँपालिकामा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन्। जसमध्ये काँसी अमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमश: लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावारको रूपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, लहरेगुर्जा, चुत्रो, मजिठो, खोटो, पाखनवेद, टिमुर, दालचिनी, पावन, चिउरी, चिराईतो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदिजस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल,  लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन्।

यस गाउँपालिका क्षेत्रमा रहेका वनजंगलहरूले बाघ, चितुवा, चित्तल, हरिण, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, मृग, घोरल, लङ्गुर, बाँदर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ। गाउँपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरूले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषत: कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गनग्वाली, हरहरे, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररूपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रूपमा देखिएको छ।

गाउँपालिकाको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि जनसंख्या र बसाईसराइको अत्याधिक चाप र भूमिको उर्वरापनका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले

महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरू जस्तै, ऐरावती मन्दिर, वनदेवी मन्दिर, बरौलाकोट, बिजुलीकोट लगायतका धार्मिक क्षेत्रहरूको समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

## ८.३ लघु वन पैदावार

गाउँपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। पञ्चवर्षिय जिल्ला वन कार्यायोजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको छ। यस गाउँपालिकामा मुख्य रूपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरूमा चिराईतो, तेजपात, बोझ्रो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझ्रो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि मुख्य हुन्।

## ८.४ गाउँपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

ऐरावती गाउँपालिकामा करिब ३४ प्रकारका स्तनधारी वन्यजन्तुहरू पाइन्छन्। यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरूमा बाघ, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, निलगाई, खरायो, आदि छन।

### (ख) चराचुरूङ्गी

ऐरावती गाउँपालिकामा करिब १४० प्रकारका चराहरू पाइन्छन्। यस गाउँपालिकामा पाईने चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्।

### (ग) घिस्रने जिवजन्तुहरू

यस गाउँपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा भित्ती, गनग्वाली, हरहरे, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरू

यस गाउँपालिकामा जलचर तथा उभयचर जीवहरूमा सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरू, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि पाइन्छन् ।

### (ङ) कीरा फट्याङ्ग्राहरू

यस गाउँपालिकामा मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, भुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरू आदि पाइन्छन् ।

### (च) फूलका प्रजातिहरू

ऐरावती गाउँपालिकामा करिब २४४ किसिमको वनस्पतीहरू पाइनुका साथै २३५ प्रजातिहरू फुल फुल्ने वर्गमा रहेका छन् । यस्तै एकदलीय वर्गका  विरुवाहरू लगभग २९ प्रतिशत र द्विदलीय वर्गका विरुवाहरू करिव ७१ प्रतिशत रहेको अनुमान गरिएको छ भने जलोभिद लगभग ४४ प्रतिशत र स्थलीय करिव ५६ प्रतिशत विरुवाको संख्या रहेको पाईन्छ । सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि गाउँपालिकामा पाईने फुलका प्रजातिहरू हुन् ।

## ८.५ वनजंगल

ऐरावती गाउँपालिका समुन्द्र सतहबाट ३७८ मिटरको उचाईदेखि शुरु भएर १६८८ मीटरसम्म गएर अन्त्य भएको छ । यो गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । वनक्षेत्रभित्र सिमसार क्षेत्र र ठूला ठूला घाँसे मैदानहरू समेत रहेका छन् । गाउँपालिका बाहिरका अन्य गाउँपालिका तथा जिल्लाहरूमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक रूपमा सिसौ र खयरजस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस गाउँपालिकामा प्रशस्तै मात्रामा रहेको छ । यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ ।

वन क्षेत्र समथर भू-भागदेखि चुरे पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ । उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरू जस्तै सालको वन, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रत वन र भाडी बुट्यान रहेका छन् ।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नितिअनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक

वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन् । यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेशीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिताजस्ता नयाँ नयाँ सवालहहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ। गाउँपालिकामा आ.व. २०७१/७२ सम्ममा १० सामुदायिक वनहरूलाई वन उपभोक्ता समूहमा हस्तान्तरण गरिएको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले वनको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा महाभारत क्षेत्रका बस्तीहरूमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर महाभारत क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरूप महाभारत क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रूपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरूप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र GATT WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म गाउँपालिकाले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। गाउँपालिकामा वनहरूको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन ।

तालिका नं ८०: सामुदायिक वन व्यवस्थापनको विवरण

| जम्मा सा.व.को संख्या | हस्तान्तरित क्षेत्रफल (हे.) | घरधुरी संख्या | लाभान्वित जनसंख्या |
|---|---|---|---|
| १० | १७६९.८५ | १५८३ | १०,३६८ |

*स्रोत: जिल्ला वन कार्यालय, प्यूठान*

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। ऐरावती गाउँपालिकामा आ.व. २०७१/०७२ सम्ममा जम्मा १० वटा सामुदायिक वनहरू उपभोक्तालाई हस्तान्तरण गरिएको छ। हस्तान्तरित सामुदायिक वनले यस गाउँपालिकामा १७६९.८५ हे. क्षेत्रफल ओगटेको छ भने १५८३ घरधुरी अर्थात् १०,३६८ जनसंख्या लाभान्वित भएका छन्।

### ८.५.२ कवुलियती वन समूहको विवरण

तालिका नं ८१: कवुलियती वन समूहको विवरण

| सि.नं. | स्थान | समूह संख्या | क्षेत्रफल | घरधुरी | संख्या |
|---|---|---|---|---|---|
| १ | दाङवाङ | ११ | ३६.९५ | ७८ | ५०० |
| २ | पकला | २१ | ६७.५२ | १४५ | ८५८ |
| ३ | रस्पुरकोट | १ | २.०८ | ५ | ४१ |
| ४ | बरौला | ६ | ३०.७२ | ५५ | ४०७ |
| | जम्मा | ३९ | १३७.२७ | २८३ | १८०६ |

**(नोट : माथिको तालिकामा रस्पुरकोटका केही वडाहरू नयाँ संरचनाअनुसार अरुनै गाउँपालिकामा विभाजन भएका छन् )**

*स्रोत: जिल्ला वन कार्यालय, प्यूठान*

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

गाउँपालिकाको कुल वन क्षेत्र मध्ये गाउँपालिकामा सामुदायिक वन र धार्मिक वनको रूपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रूपमा रहेको छ।

## ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस गाउँपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरूमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरूमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन। वनमा पाईने रुख प्रजातिहरू साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ।

## ८.७ वनपैदावरको माग र आपूर्ति

ऐरावती गाउँपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस गाउँपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्लाभित्रकै अन्य गाउँपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ।

गाउँपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन नभएबाट स्थानीय जनताका काठ दाउरासम्बन्धी माग पुरा हुन नसकी जनगुनासो आई रहेको सन्दर्भमा आ.व. ०६६/०६७ देखि गाउँपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन गर्ने सोच लिईएको भएता पनि खासै काम हुन सकेको थिएन। तर आ.व. २०६८/०६९ देखी स्थानीय उपभोक्ताहरूको माग र आवश्यकतालाई ध्यानमा राखी जिल्ला वन पैदावार आपूर्ति समितिलाई पुन: संचालनमा ल्याई काठ दाउरा बिक्री वितरण गर्ने कार्यको थालनी गरिएको छ। यसको लागि आपूर्ति समितिले सामुदायिक वन उपभोक्ता समूहसँग समेत काठ दाउरा खरिद गरि स्थानीय जनताहरूलाई बिक्री वितरण गर्ने व्यवस्था मिलाएको छ।

यस गाउँपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ। यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ। वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ।

## ८.८ जडिबुटीसम्बन्धी विवरण

यस गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार,

सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.९ वन पैदावरमा आधारित उद्योगहरूको विवरण

यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै प्यूठानका ग्रामीण बस्तीहरूको जीवन स्तर उकास्न र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेलेका छन्। यस्ता पैदावारहरूले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्योगहरूलाई अवसर प्रदान गर्छन्।

यस योजना निर्माणको क्रममा विभिन्न सन्दर्भ सामाग्रीहरूको अध्ययन तथा स्थलगत अध्ययनबाट प्राप्त गाउँपालिकामा उपलब्ध गैरकाष्ठ वनपैदावारको सूची निम्नानुसार तालिकामा उल्लेखित छन् :

तालिका नं ८२: गैरकाष्ठ वन पैदावारहरूको सूची

| वैज्ञानिक नाम | स्थानीय नाम | गविसहरू |
|---|---|---|
| *Myrica esculenta* | काफल | बिजुली,धुवाङ |
| *Artisemia vulgaris* | तितेपाती | पकला |
| *Rhododendron species* | गुराँस | पकला |
| | रायबृक्ष | बिजुली, बरौला |
| *Phyllanthus emplica* | अमला | बिजुली, पकला |

*श्रोत:जिल्ला वन कार्यालय,प्यूठान*

ऐरावतीको वन पैदावरमा आधारित उद्योगहरूको अध्ययन गर्दा स:मिल तथा फर्निचर उद्योगहरू आदि रहेका छन्। यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ।

घरेलु तथा साना उद्योग कार्यालय ऐरावती गाउँपालिकाको विभिन्न क्षेत्रहरूमा दर्ता भै संचालनमा रहेका छन्। आ.व. २०७२/०७३ सम्ममा प्यूठान जिल्लामा दर्ता भएका वन पैदावारमा आधारित उद्योगहरूको विवरण तल तालिकामा दिइएको छ।

तालिका नं ८३: उद्योगहरूको विवरण

| क्र.सं. | उद्योगको नाम, ठेगाना | उद्योगको प्रकृती | दर्ता मिति |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | श्री हरियाली फर्निचर उद्योग, | नीजि | २०६३/८/१४ |
| २ | श्री भैया जडिबुटी संकलन तथा वितरण केन्द्र, पकला | नीजि | २०६६/०१/१३ |

*स्रोत: जिल्ला वन कार्यालय, प्यूठान*

## ८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्याधिक प्रभावित भएका छन् प्राकृतिक रूपबाट पुर्नत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

# खण्ड ९ : विकास सूचाङ्क र गरिवीको स्थिति

## ९.१ मानव विकास सूचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन्। यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचाङ्क नै मानव विकास सूचाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदनअनुसार प्यूठान जिल्लाको मानव विकास सूचाङ्क ०.४१३ ( नेपालको ०.४९०) रहेको छ। अर्थात् प्यूठान जिल्लाको मानव विकास सूचाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचाङ्क ०.३६४ रहेको छ। मानव विकास सूचाङ्कका अवयव सूचकहरू हेर्ने हो भने प्यूठान जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६४.३३ वर्ष र यसको सूचक ०.६५५, प्रौढ साक्षरता दर (Adult literacy) ५८.०१ प्रतिशत र यसको सूचक ०.५८०, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) २.९१ वर्ष र यसको सूचक ०.१९४ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per capital income) ६८१ अमेरिकी डलर र यसको सूचक ०.३२० रहेको देखिन्छ।

**तालिका नं ८४:** मानव विकास सूचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सूचक (ज्यामितीय मध्यक) |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| प्यूठान | ६४.३३ | ०.६५५ | ५८.०१ | ०.५८० | २.९१ | ०.१९४ | ६८१ | ०.३२० | ०.४१३ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरिवी सूचाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशतजस्ता सूचकहरूको संयुक्त सूचाङ्कको रूपमा विकास गरिने मानव गरिवी सूचाङ्कको स्थिति हेर्दा प्यूठान जिल्ला मानव विकास सूचाङ्कको स्थिति सबैभन्दा राम्रो अवस्थामा रहेको देखिन्छ। प्यूठान जिल्लाको मानव गरिवी सूचाङ्क मान

३२.१९ (नेपालको ३१.१२) रहेको छ। यो सूचाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तैः प्रौढ निरक्षरता दर। मानव गरिवी सूचाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरिवी सूचाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरिवी सूचाङ्कक १६.५० रहेको छ। मानव गरिवी सूचाङ्कका अवयव सूचकहरूमा प्यूठान जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ४१.९९ प्रतिशत, ४० वर्षसम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ११.६१ प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) २०.८७ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ४८.४० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरिवी

नेपालमा गरिवीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार प्यूठान जिल्ला न्युन समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ५३ औं स्थानमा रहेको छ र गरिवीको दर ८.६८ प्रतिशत रहेको छ। जिल्लामा गरिवीको रेखामुनि रहेको संख्या ७२,७९१ रहेको देखिन्छ। गरिवीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिवीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरिवीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ८५: गरिवीको दरको विवरण

| गरिवीको स्थान | गरिवीको दर (प्रतिशत) | गरिवीको विषमता (प्रतिशत) | गरिवीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ५३ | ३२.१९ (८.६८) | ७.८८(२.९) | २.७८ (१.२३) | ७२,७९१ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

तालिका नं ८६: गाउँपालिकाको गरिवी दर

| सि.नं. | स्थानहरू | गरिवी दर | गरिवको संख्या | Average Per Capital Consumption |
|---|---|---|---|---|
| १ | धुवाङ, पकला, बरौला | ३०.७८ | ३८३२ | २७७६१ |
| २ | रस्पुरकोट, विजुली | २०.८ | १५२८ | ३२२६४ |
| ३ | हंशपुर, दाङवाङ | ३९.९ | ३३९३ | २४९९३ |

**(नोट : माथिको तालिकामा हंशपुर, रस्पुरकोट र धुवाङका केही वडाहरू नयाँ संरचनाअनुसार अरुनै गाउँपालिकामा विभाजन भएका छन् )**

*स्रोतः जिल्ला समन्वय समिति, प्यूठान २०७१*

## ९.४ गरिवी न्यूनीकरण

सहरी गरिवी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरूमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरूमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार २२,३९२ जनताको बसोबास भएको गाउँपालिकामा खास गरी सामाजिक रूपले पछि परेका र आर्थिक रूपले विपन्न अवस्थामा रहेका गरिवीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रूपले सम-समुन्नत गाउँपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समय सापेक्ष रूपमा समाधान गर्न विगतदेखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रूपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रूपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँपालिकाबासीहरूको मानवविकास सूचकांक, लैंगिक समता सूचकांक, जनताको बाच्ने औषत आयु, औषत ग्राहस्थ उत्पादन, औषत साक्षरतादर र औषत आम्दानीजस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रयाप्ता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा तथा पाइप प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ६६.१३ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रूपमा मूल धारा प्रयोग गर्नेको संख्या १६.२२ प्रतिशत देखिन्छ। त्यस्तै, खुला इनार तथा कुवा प्रयोग गर्ने १२.२८ प्रतिशत, ढाकिएको इनार तथा कुवा प्रयोग गर्ने १.३१ प्रतिशत देखिन्छ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रूपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका प्यूठान जिल्लाका अन्य गाउँपालिकाहरूको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७१.१५ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिका पनि अन्यत्र भैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८२.२६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६३.१५ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.१२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै गाउँपालिकाबासीहरूको प्राथमिक अधिकारको रूपमा अझै पनि व्यावहारिक रूपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरूले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कुलहरूमा समेत कक्षाकोठाहरूको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्को तिर मावि र उच्च माविको शिक्षा पुरा गरेका युवाहरूको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन। माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षाा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन।

यस गाउँपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ। जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ।

**स्थानीय तहको निर्वाचन २०७४ सालमा निर्वाचित ऐरावती गाउँपालिकाका जनप्रतिनिधिहरू**

| सि.नं. | नाम | पद | वडा |
|---|---|---|---|
| १ | नविल विक्रम शाह | अध्यक्ष | |
| २ | बुद्ध बहादुर बस्नेत | उपाध्यक्ष | |
| ३ | पदम थापा | वडा अध्यक्ष | १ |
| ४ | केशव राज आचार्य | वडा अध्यक्ष | २ |
| ५ | भुपेन्द्र वहादुर आले | वडा अध्यक्ष | ३ |
| ६ | शंकर वहादुर भण्डारी | वडा अध्यक्ष | ४ |
| ७ | चन्द्र बहादुर रोका मगर | वडा अध्यक्ष | ५ |
| ८ | चन्द्र वहादुर राना | वडा अध्यक्ष | ६ |
| ९ | मंगली कुमारी गुरुङ | महिला सदस्य | १ |
| १० | बसन्ता जि.सी. | महिला सदस्य | २ |
| ११ | कृष्णा राउत क्षेत्री | महिला सदस्य | ३ |
| १२ | मिना विश्वकर्मा | महिला सदस्य | ४ |
| १३ | मैती गन्धर्व | महिला सदस्य | ५ |
| १४ | हिमन्ता थापा मगर | महिला सदस्य | ६ |
| १५ | शान्ता नेपाली | दलित महिला सदस्य | १ |
| १६ | पार्वता दमै | दलित महिला सदस्य | २ |
| १७ | नुमी कुमारी कामी | दलित महिला सदस्य | ३ |
| १८ | सिता सापकोटा | दलित महिला सदस्य | ४ |
| १९ | तारा सार्की | दलित महिला सदस्य | ५ |
| २० | रुमा वि.क. | दलित महिला सदस्य | ६ |
| २१ | केशब राज आचार्य | सदस्य | १ |
| २२ | जित बहादुर सारु | सदस्य | १ |
| २३ | हुम बहादुर रास्कोटी | सदस्य | २ |
| २४ | बोम बहादुर विश्कर्मा | सदस्य | २ |
| २५ | गिर बहादुर थापामगर | सदस्य | ३ |
| २६ | गोप बहादुर खड्का | सदस्य | ३ |
| २७ | ज्ञानेन्द्र वहादुर शाहि | सदस्य | ४ |
| २८ | टिका वहादुर भण्डारी | सदस्य | ४ |
| २९ | चन्द्र बहादुर थापा | सदस्य | ५ |

| | | | |
|---|---|---|---|
| ३० | मोहन बहादुर बोहोरा | सदस्य | ५ |
| ३१ | याम बहादुर गुरुङ | सदस्य | ६ |
| ३२ | भरत बहादुर खड्का क्षेत्री | सदस्य | ६ |

**प्रस्तावित गाउँपालिकामा समावेश हुने गाविस को अचल सम्पत्ति विवरण (गाविस, नपा, कृषि, पशु, स्वास्थ्य, हुलाक, रेन्जपोष्ट आदि कार्यालयको एकमुष्ठ)**

| क्र.सं. | अचल सम्पत्ति | ईकाई (वटा, विगाहा, रोपनी, कट्ठा आदि) | स्वामित्व रहेका साविक गाविस | कैफियत |
|---|---|---|---|---|
| १ | भवन | ४ वटा भवन (पक्की २, कच्ची २ | बरौंला | |
| २ | जमिन | ३.३ रोपनी | बरौंला, रस्पुरकोट, पकला | |
| ३ | गाडी | | | |
| ४ | मोटरसाईकल | २ वटा | | |
| ५ | अन्य मेशिनरी | कम्प्यूटर ६ वटा | सवै गा.वि.स.को जम्मा | |
| ६ | अन्य | | | |